# आ.व.२०७५/०७६ को विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता (कर प्रस्ताव बाहेक) का सम्बन्धमा प्रतिनिधि सभामा २०७५ साल वैशाख २७, ३० र ३१ गते भएको छलफलमा माननीय सदस्यहरुद्वारा व्यक्त सुझावहरु :-

१. <u>माननीय डा. बाबुराम भट्टराई</u>

- यो खास अवस्थामा प्रस्तुत गरिएको बजेट हो, हिजोको निरन्तरता होइन ।
- समाजवादतर्फ उन्मुख मुलुकको पहिलो बजेट हो ।
- सबैथोक छ, तर कुन कुराको प्राथमिकता छ भन्ने स्पष्ट छैन ।
- पूँजीवादको जगमा मात्रै वैज्ञानिक समाजवाद आउँछ । पूँजीवादको विकास आवश्यक छ ।
- औद्योगिक र उत्पादनमुलक पूँजीवादको विकास गर्दै समाजवाद उन्मुख हुने हो ।
- आर्थिक विकास, दिगो विकास, मानवीय विकास र Happiness indexको समिश्रण नै समृद्धि हो
- २०२२ सम्म किन पर्खने ? २०२० सम्मकै विकासशील राष्ट्रमा पुगौं ।
- भौतिक पूर्वाधारमा जोड दिनैपर्छ ।
- प्रत्येक स्थानीय तहमा प्राविधिक विद्यालय खोल्ने विषय राम्रो हो । यसले आर्थिक क्रान्तिको लागि मद्दत गर्छ ।
- अहिलेको शिक्षा प्रणालीमा परिवर्तन आवश्यक छ ।
- ज्ञान र विज्ञान विना विश्वमा कही पनि विकास भएको छैन ।
- दुई तिहाइ जनसंख्या निर्भर कृषिमा क्रान्ति ल्याउनु पर्छ । त्यसको लागि सिंचाईमा जोड दिनुपर्छ ।
- ठूला-ठूला प्रोजेक्टमा जोड दिऔं सिँचाइको लागि ।
- ठूला उद्योग र पर्यटनको लागि special economic zoneबनाऔं ।
- लाखौं युवालाई स्वरोजगार बनाऔं, तुलनात्मक लाभको क्षेत्रमा साना र मध्यम उद्योगमा प्राथमिकता दिनुपर्दछ ।
- सबैलाई स्वास्थ्य बिमा, किसानलाई पेन्सन, १२ कक्षासम्म निःशुल्क शिक्षा उपलब्ध हुनुपर्दछ ।
- structural changeगर्न आँट गर्नेपर्छ, त्यो अहिले नै गर्नुपर्छ ।
- संघीयता कार्यान्वयनलाई जोड दिनुपर्छ ।
- साना-साना टुक्रे आयोजना प्रदेश र स्थानीय तहलाई गर्न दिऔं, केन्द्रले मेगा प्रोजेक्ट र राष्ट्रिय गौरवका आयोजनामा बल दिऔं ।
- भूमिको स्वामित्व स्थानीय तहलाई दिऔं । land use planबनाएर लागू गरौं ।
- बैंकहरुले उत्पदानमा पूँजी लगाउनुपर्छ । ब्याजदर कम गर्नुपर्छ
- नीजि क्षेत्रसँग "make profit, pay tax"को सम्बन्ध हुनुपर्दछ ।
- भ्रष्टाचार नियन्त्रणको लागि अहिलेको अख्तियार दुरुपयोग अनुसन्धान आयोग प्रभावकारी छैन,public ombudsmanको शैली आवश्यक छ ।
- यातायातको सिण्डिकेट अन्त्य गर्यौं, राम्रो हो अन्य क्षेत्रमा पनि सिण्डिकेट छ, त्यसलाई पनि अन्त्य गरौं ।
- विदेशी लगानीमा ठूला-ठूला उद्योग बनाउनु पर्दछ ।

- दलगत ट्रेड युनियन अन्त्य गरौं ।
- तुलनात्मक लाभका उद्योगहरु खोल्नु पर्दछ ।
- जियो पोलिटिक गर्नुपर्दछ ।
- दुई छिमेकीसँग सन्तुलित ढङ्गले सम्बन्ध बढाई लगानी ल्याउनु पर्दछ ।
- पूँजी आयात गरेर वस्तु निर्यात गर्नुपर्दछ ।
- प्रदेश र स्थानीय तहलाई बलियो बनाउनु पर्दछ ।
- जमिनको राष्ट्रियकरण र सामुहिकीकरण गर्न पर्दछ ।
- लगानी बोर्डलार्य प्रधानमन्त्री मातहत राख्नुपर्दछ ।

२. **<u>माननीय श्री भिमबहादुर रावल</u>**

- विदेशी सहायतामा निर्भर नभई आत्मनिर्भर अर्थतन्त्रको कुरा आएको छ ।
- उत्पादनमुखी श्रम सम्बन्ध, उत्पादन र रोजगारीमा केन्द्रित पूर्वाधार ।
- यातायात, उर्जाको साथसाथै सामाजिक सुरक्षाान प्राथमिकता दिनुपर्ने ।
- पिछडिएका क्षेत्रमा विशेष ध्यान जाओस् ।
- साधन श्रोत कसरी राष्ट्रिय हितमा प्रयोग गर्ने भन्नेमा ध्यान जाओस् ।
- कृषिको आधुनिकीकरण र व्यवसायीकरण गरिनुपर्दछ ।
- राष्ट्रिय सुरक्षामा ध्यान जाओस् ।
- संस्कृति मान्यता जस्ता soft powerलाई संरक्षण गर्नुपर्ने ।
- योजना छनौट गर्दा बढी समृद्ध ठाउँमै थप बजेट थुप्रिने र पिछडिएको क्षेत्रमा नहुने स्थिति नआओस् ।

३. **<u>माननीय श्री मिनेन्द्र प्रसाद रिजाल</u>**

- यो छलफल निरर्थक हुँदैन भन्ने विश्वास लिएको छु ।
- संघीयतामा कार्यान्वयन गर्नुपर्ने भूमिका
- वाञ्छित सीमा भित्रै बजेटघाटा छ ।
- पूर्वाधार विकास गरिनु पर्दछ ।
- सडक, द्रुतमार्ग, अन्तराष्ट्रिय विमानस्थल जस्ता महत्वपूर्ण आयोजनामा पूरा गरिनु पर्दछ ।
- सामाजिक पूर्वाधार विकास गरिनु पर्दछ ।
- गरिबी निवारणका लागि अहिलेसम्मका अनुभव बिर्सन हुँदैन ।
- सामाजिक सुरक्षा विस्तारित र एकीकृत गर्दा अर्थतन्त्रको आकार विचार गर्नुपर्ने ।
- निजी क्षेत्र र बाह्य लगानी आउने प्रत्याभूत कसरी गर्ने स्पष्ट हुनु पर्दछ ?
- नेपालको व्यापार क्षमता कसरी बढाउने त्यता तिर ध्यान जाओस ।
- भुईमा खुट्टा राखेर सपना देखौं ।
- आयात प्रतिस्थापन गर्ने उद्योग खोल्ने हुँदा झन बढी महँगो हुने नहोस् ।

४. **<u>माननीय श्री अग्निप्रसाद सापकोटा</u>**

- पिछडिएका वर्गलाई बजेटबाट लाभ हुने कुरामा कसरी आशा जगाउन सक्छौं ?

- प्राथमिकता के हो ? सबै विषय छन् तर प्राथमिकता स्पष्ट छैन । आर्थिक रुपमा फड्को हान्न तयार छौं ।
- तल्लो वर्ग र किसानहरु जसको जमिन छैन, उनीहरुको खान नपुग्ने स्थितिको समाधान गर्नेमा ध्यान जानुपर्ने ।
- अर्थतन्त्र आत्मनिर्भर र स्वतन्त्र हुनुपर्छ ।
- रोजगारीको ग्यारेण्टी कसरी गर्छौं ?युवालाई कृषिमा कसरी आकर्षित गर्छौं ? त्यसको ठोस योजना हुनुपर्‍यो ।
- कृषिमा विकास गर्नु अनिवार्य छ ।
- पर्यटन, जलविद्युत, खनिज, जडिबुटिलाई प्राथमिकतामा राख्नुपर्ने ।
- शैक्षिक विकास, प्राविधिक शिक्षामा जोड दिऔं ।
- हरेक क्षेत्रका लागि शिक्षामा जोड दिनैपर्छ ।
- चुनौतीहरु आए उपायहरुमा सोच दिनुपर्छ ।
- भ्रष्टाचार नियन्त्रणमा लाग्नुपर्छ ।
- भूकम्प पीडितका लागि सहुलियत ऋण निकै कमले मात्र पाएका छन् ।

५. **मानानीय श्री लक्ष्मणलाल कर्ण**

- लगभग सबै विषय समेटिएका छन् ।
- कृषिको विकास भएन भने समृद्धि पाउन मुस्किल छ, युवाको पलायन रोक्न मुस्किल छ ।
- कृषिमा औद्योगिकीकरण आवश्यक छ ।
- कृषिमा आधारित स्वदेशी उद्योगको संरक्षण गरिनु पर्दछ ।
- सहकारी मार्फत कृषिको विकास गरिनु पर्दछ ।
- प्रदेशहरु कमजोर देखिएका छन् कर्मचारी र बजेटको समस्याले ।
- प्रदेशलाई र स्थानीय तहलाई बजेट दिएर काम गर्न दिऔं । साना र मझौला आयोजना हस्तान्तरण गरौं । केन्द्रले निगरानी गरोस् ।
- ठूला-ठूला आयोजना केन्द्रले गरोस् ।
- माथिल्लो तहले भ्रष्टाचार नगर्ने प्रतिबद्धता गरे मात्र भ्रष्टाचार निर्मूल हुनसक्छ ।
- विकासका लागि धेरै ऐन कानूनमा परिमार्जन आवश्यक छन् ।
- शिक्षा र प्राविधिक शिक्षामा जोड दिइयोस् ।
- कसैलाई भेदभाव नगरी विनियोजन विधेयक आओस् ।

६. **माननीय श्री राजेन्द्र प्रसाद श्रेष्ठ**

- धेरै कुराहरु छुटेका छन् ।
- हिजाकै एकात्मक संरचनालाई बढावा दिन खोजेको जस्तो देखिन्छ ।
- केन्द्र र प्रदेशको बीचमा साझेदारी हुनु पर्दछ ।
- प्रदेशलाई कसरी सबल बनाउने भन्ने आएको देखिएन ।
- प्राकृतिक स्रोतको उचित वितरण हुनुपर्छ ।
- बढी पिछडिएको प्रदेशलाई बढी अनुदान हुनुपर्छ । जनसंख्या प्राकृतिक स्रोतको उपलब्धतालाई पनि हेर्नुपर्छ ।

- व्यक्तिको निजत्वलाई हनन गर्ने होइन उत्थान गर्ने समाजवाद तर्फ लक्षित हुनुपर्ने ।
- प्रदेशहरुमा संरचनाको निर्माणमा बजेट दिने विषय आएन ।

७. **मानननीय श्री हृदयेश त्रिपाठी**

- किसानलाई समृद्ध गर्न नसकी मुलुक समृद्ध हुँदैन ।
- कृषि उत्पादनको मूल्य निर्धारण गर्न स्थायी आयोग आवश्यक छ ।
- निर्वाचन क्षेत्र विकासको बजेट हटाउन लागेको भन्ने सुन्दैछु । यस्तो नहोस् ।

८. **माननीय श्री राजेन्द्र प्रसाद लिङ्देन**

- विदेशमा रहेका युवालाई स्वदेश फर्काउने र रोजगारी सिर्जना गर्ने विषय कार्यक्रममा आएन ।
- रुग्ण उद्योगलाई सहुलियत दिएर पुर्नस्थापना गर्नुपर्ने ।
- गत वर्ष बाढीले क्षति पुऱ्याएको ठाँउमा राहत र पुर्नस्थापनाको लागि बजेटको व्यवस्था गरियोस् ।
- रोजगार अभिवृद्धि गर्ने र सबै क्षेत्रको उन्नती हुने बजेट आओस् ।

९. **माननीय श्री प्रेम सुवाल**

- जोत्नेलाई जमिन वितरण गर्ने क्रान्तिकारी भूमिसुधार र कृषि उत्पादन बढाउने वैज्ञानिक खेती आवश्यक छ ।
- कृषि उत्पादनको मूल्य सरकारले निर्धारण गर्नपर्छ
- भूकम्प पीडितलाई अनुदान रकम १० लाख पुऱ्याउनुपर्छ ।
- खाद्यान्नमा मिसावट गर्ने र कालाबजारी गर्नेलाई दण्डको व्यवस्था हुनु पर्दछ ।
- निर्यात प्रर्वद्धन गर्न स्वदेशमै उद्योग स्थापना गरी युवालाई रोजगार दिनु पर्दछ ।
- नेपालीकै लगानीमा जलविद्युत उत्पादन गरिनु पर्दछ ।
- माध्यमिक तहसम्म अनिवार्य निःशुल्क शिक्षा, विश्वविद्यालय शिक्षा निःशुल्क ।
- स्थानीय तहमै विश्वविद्यालय स्थापनामा जोड दिनु पर्दछ ।
- हरेक जिल्ला र स्थानीय तहमा सुविधा सम्पन्न अस्पतालको निर्णय ।
- हरेक प्रदेशमा चिकित्सा विद्यालयको स्थापना ।

१०. **माननीय श्री छक्कबहादुर लामा**

- उच्च वर्गलाई होइन निम्न वर्गलाई राज्यले हेर्नुपर्छ ।
- कर्णाली अझै पनि राज्यको अर्थतन्त्रसँग जोडिन सकेको छैन ।
- हुम्लामा चिनी २४० प्रति के.जी. छ । यस्तो gap कसरी कम गर्ने ?
- सांसद विकास कोष काटिनु हुँदैन ।
- गाँउपालिकाहरुलाई सक्षम बनाउनुपर्छ । social mobilizers हरु खटाउनु पर्छ ।

११. **माननीय श्री योगेश भट्टराई**

- यो सरकारसँग एउटा मौका छ, व्यापक जनसमर्थन र अपेक्षा छ, त्यो नचुकाओस् ।
- प्रगतिशील पूँजीवादी उत्पादन सम्बन्ध स्थापित गर्नुपर्ने ।

- सीमान्तकृत वर्गलाई कसरी माथि उठाउने ?
- अर्थतन्त्रलाई कसरी आत्मनिर्भर बनाउने ?
- व्यापार घाटा कसरी घटाउने ?
- स्थानीय तहलाई विकासको प्रमुख संरचना बनाउनुपर्छ ।

**१२. मानननीय श्री विनोद कुमार चौधरी**

- नीजि क्षेत्र र नीति निर्माता बीच अविश्वासको खाडल रहँदै आएको ।
- नीजि क्षेत्रका सुझावलाई नकरात्मक रुपले हेर्ने प्रचलन छ ।
- आर्थिक समृद्धिको लडाईं अबको प्राथमिकता ।
- आर्थिक अधिकार पनि जन्मसिद्ध अधिकार हो
- ७० % भन्दा बढी लगानी नीजि क्षेत्रको छ ।
- सरकारले व्यापार गर्ने होइन, व्यापारको वातारण निर्माण गर्ने हो ।
- नीजि क्षेत्रको कमजोरीलाई regulate गर्दै नीजि क्षेत्रले काम गर्न सक्ने वातावरण सरकारले निर्माण गर्नुपर्छ ।
- विनियोजन गरिएको बजेटको उपयोग गर्न सक्ने प्रशासनिक क्षमता भएन
- ७% वृद्धिलाई १०% पुऱ्याउने हो भने १० खर्ब लगानी गर्नुपर्छ, अहिले ३ खर्ब पनि लगानी छैन ।
- लगानीका अवसरको कमी छैन । लगानी गर्नेको पनि कमी छैन । विश्वासको कमी छ ।
- लगानी बोर्डको माध्यमबाट विदेशी लगानीलाई आकर्षित गर्नुपर्ने ।
- सातै प्रदेशमा औद्योगिक क्षेत्र खोल्ने योजना कार्यान्वयन भएन ।
- विशेष आर्थिक क्षेत्रको नीति नै कमजोरी भएर कुनै उद्योग आएनन् ।
- सातै प्रदेशमा एकीकृत Tourism center को परिकल्पना आओस्

**१३. मानननीय श्री प्रभु साह**

- राज्य संरचना एकाईलाई सक्रियतापूर्वक कार्य गर्न भौतिक पूर्वाधारमा जोड दिनु पर्दछ ।
- हिजो अगाडि भएको ठाँउलाई मानव सूचकाङ्कमा पछाडि परेको छ
- कर्णाली क्षेत्र, तराई मधेशको भावनाजोड्नु पर्दछ ।
- बजेटले मानव सूचाङ्कले पछाडि परेकोलाई सम्बोधन गरिनु पर्दछ ।
- राष्ट्रिय गौरवका आयोजनालाई प्राथमिकता दिनु पर्दछ ।
- हिजोको भौतिक पूर्वाधारलाई अगाडि बढाइनु पर्दछ ।
- सानातिना योजना विगतदेखि चलेका आयोजनालाई स्थनीय तहलाई दिने हो भने बजेट पनि दिनु पर्दछ ।
- हिजो देखि निर्माणाधिन आयोजनाहरु केन्द्रले बनाउन पर्दछ र प्रदेशलाई दिने हो भने प्रशस्त बजेट दिनु पर्दछ ।
- विगतका आयोजनाहरु पुनः निर्माण होस् वा प्रदेश वा स्थानीय तहलाई दिने हो भने बजेट सहितदिनु पर्दछ ।
- विगत योजनाहरुको ग्यारेण्टी सहित निर्माण गरिनु पर्दछ ।
- विभेदलाई तोड्न पर्दछ ।पहाडले मधेशको र मधेशकाले पहाडको कुरा गर्नु पर्दछ ।

- किसानी पेशामा आकर्षण छैन ।
- बैंकिङ क्षेत्रले कृषि क्षेत्रमा लगानी बढाउनु पर्दछ ।
- बैंक शहरमा मात्र केन्द्रित भएकोले गाँउ क्षेत्रमा लगिनु पर्दछ ।
- बैंकको दायरालाई व्यक्तिसँग जोडिनु पर्दछ ।
- गौरवका आयोजना भौतिक निर्माणमा ध्यान दिनु पर्दछ ।

## १४. **माननीय श्री गणेश सिंह ठगुन्ना**

- समृद्धिको नारालाई अगाडि बढाउन पर्दछ ।
- औद्योगिकरण गर्न खनिज पदार्थको उत्खनन गरेर मात्र समृद्धि हुन सक्छ
- भएका उद्योगहरुमा पनि विदेशबाट कच्चा पदार्थ ल्याएर वस्तु बेच्ने मात्र भएका छन् ।
- १ खर्ब बजेट उद्योग क्षेत्रमा छुट्टाउनु पर्छ ।
- निर्वाचन क्षेत्र विकास कार्यक्रमलाई अगाडि बढाउनु पर्दछ ।

## १५. **माननीय श्री भरत बहादुर शाह**

- बजार अर्थतन्त्रलाई छोडेको हो ? होइन भने यसको पनि कहीं उल्लेख हुनुपर्‍यो ।
- शिक्षाले रोजगारी प्रदान गर्ने हुनुपर्छ । skill developmentहुनुपर्छ ।
- सडकले सम्पन्नता ल्याउँछ । साना सडकका योजनाहरु सबै स्थानीय तहलाई दिएर बजेट नदिँदा सम्पन्नता कसरी आउँछ ?
- ठूला-ठूला जलविद्युत आयोजना आवश्यक छ । गरिबको घरमा विद्युत पुग्न सकेको छैन । त्यसतर्फ पनि ध्यान दिनुपर्छ ।
- सांसद विकास कोष दुरुपयोग भएको छैन त्यसलाई निरन्तरता दिनुपर्छ ।

## १६. **माननीय श्री देवेन्द्र पौडेल**

- जनताले आर्थिक विकास र सम्बृद्धिको अपेक्षा गरेका छन् । त्यसको मार्गचित्र बजेटले सम्बोधन गर्नुपर्छ ।
- बजेटको आधार खुम्चाउने होइन विस्तार गर्ने र स्रोतको खोजी गर्ने गर्नुपर्छ ।
- पुराना योजनाहरु के हुन्छन् भन्ने स्पष्ट होस् ।
- केन्द्र, प्रदेश र स्थानीय तह सबैले थोरै थोरै बजेट छर्ने जस्तो स्थिति नहोस् ।
- रोजगारी सिर्जनाको लागि सातै प्रदेशमा सरकारी लगानीमा कारखाना खुलोस् ।
- सबै स्थानीय तहमा १-१ कृषि फर्म खुलोस् ।
- प्रत्येक प्रदेशमा १-१ पर्यटन हब पहिचान गरी पूर्वाधार विकास गरियोस् ।
- प्रत्येक स्थानीय तहमा कालोपत्रे सडक पुर्‍याइयोस् ।
- रेलको लागि सुरुवात यहि आ.व.मा गरियोस् ।
- प्रत्येक स्थानीय तहमा प्राथमिक स्वास्थ्य चौकीको लागि रकम विनियोजन होस् ।
- भूकम्प पछिको पुननिर्माण, धरहरा पुननिर्माण, भूकम्प पीडितलाई राहतमा जोड दिनु पर्दछ ।
- सुकुम्बासी व्यवस्थापन यसै आ.व. देखि सुरु होस् ।

## १७. माननीय श्री विमला वि.क.

- बर्दिया जिल्लामा बाढीले विस्थापितको पुनस्थापना गरियोस् ।
- संविधानले दलितलाई दिएको हकको कार्यान्वयन होस् ।

## १८. माननीय श्री उमा रेग्मी

- पुरानो परिपाटी अनुसार बजेट आएको छ ।
- भान्सामा विष पाकिरहेको छ । यसलाई नियन्त्रण गर्ने सम्बन्धी कुरा बजेटमा आउनु पर्‍यो ।
- बजेट चौतर्फी रुपमा छरिएर आएको छ । प्राथमिकता तोक्नु पर्दछ ।
- पशुपालन र कृषि प्रणालीमा ध्यान दिनुपर्दछ ।
- रोजगारी सिर्जना प्राथमिकतामा राख्नुपर्छ ।
- कृषि उत्पादन आयात गर्नुपरेको छ । अनुदान दिएर हुन्छ कि कुन किसिमले हुन्छ कृषिलाई प्राथमिकता दिनुपर्छ ।
- पर्यटनको सम्भावना छ । यसको विकासको लागि ठोस नीति आउनुपर्ने ।
- जलविद्युत आयोजनाहरुको सम्झौता बीसौं वर्षदेखि कार्यान्वयन भएको छैन । यसलाई कि खारेज होस् कि कार्यान्वयन होस् ।
- महिलाको विषयमा कहीं कतै सम्बोधन भएको छैन ।
- ५१% महिलाहरु भएको देशमा महिलाको बारेमा बोलिनु पर्दछ ।
- महिलाहरुको लागि शीपमूलक, आयमूलक शिक्षामा विशेष छुट दिनुपर्छ ।
- गृहिणीहरुको कामको मूल्याकंन हुनुपर्‍यो । गृहिणी भत्ता व्यवस्था होस् ।
- निर्वाचन क्षेत्र विकास कोष खारेज गर्नुहुँदैन । प्रत्यक्ष निर्वाचित र समानुपातिक निर्वाचित बीच फरक हुनुहुँदैन ।
- सत्तापक्ष र प्रतिपक्षको योजना भनेर नहेरी महत्वका दृष्टिकोणबाट हेरिनु पर्दछ ।

## १९. माननीय श्री सत्य पहाडी

- संविधानमा व्यवस्था भएका मौलिक हकहरुको कार्यान्वयन गर्न, चुनावी घोषणालाई बजेटको आधारशील समाजवाद उन्मुख आधारशिला निर्माण गर्न, गरिबी र भोकमरी अन्त्य गर्न, रोजगारीको सिर्जना गर्ने लगायतका सैद्धान्तिक पक्षहरु सकारात्मक पक्ष हुन् ।
- प्राथमिकता क्षेत्र निर्धारणमा अलमल देखिन्छ यसलाई स्पष्ट गरिनु पर्दछ ।
- जल, जंगल र जमिन सम्बृद्धिको स्रोत हुन् । यिनलाई उपयोग गर्दै रोजगारी सिर्जना हुने गरी बजेट विनियोजन हुन पर्दछ ।
- गरिबी र असमानतालाई निवारण गर्नेमा प्राथमिकता दिनु पर्दछ ।
- बहुमूल्य जडीबुटी, पर्यटन व्यवसाय, फलफूल खेती र उर्जालाई आगामी दिनमा ध्यान दिनुपर्छ ।
- सांसदहरुको सुझावहरुलाई समावेश गरी बजेट निर्माण हुन पर्दछ ।
- नीति अनुसारको कार्यान्वयन हुने गरेर बजेट आउनु पर्दछ ।
- प्रारम्भिक बाल विकास, स्वास्थ्य शिक्षाको ग्यारेण्टी।
- शहिद परिवार, घाइते र बेपत्ता पारिएकाको परिवारलाई विशेष व्यवस्था होस् ।
- कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई विकास गर्न ध्यान दिनुपर्दछ ।

- महिलालाई उत्पादनमा समावेश गर्दै आत्मनिर्भर बनाउनुपर्ने ।
- सबै प्रदेशमा पिछडिएका क्षेत्रलाई विशेष ध्यान दिनुपर्ने ।

२०. **मानननीय श्री राजकिशोर यादव**

- अर्थतन्त्र समाजवाद उन्मुख बनाउनेप्रतिबद्धतामा यो विनियोजन विधेयक जुन विषयमा हुनु पर्दथ्यो त्यतातिर ध्यान पुगेको देखिदैन ।
- २८ वर्षमा अवलम्बन गरेको अर्थ नीतिको सही पुनमूल्याकंन गरिनु पर्ने हो त्यतातिर ध्यान गएन
- आफ्नो मौलिकतामा आधारित सस्टेनएवल इकोनोमिक विकास गर्नु पर्ने हो की ?
- परनिर्भरता, व्यापार घाटा विगतका नीजिगत त्रुटिले बढेको हो ।
- नेपाली मौलिकतामा आधारित आर्थिक नीति अवलम्बन गर्नुपर्ने ।
- कृषिलाई सस्टेनएबल गरिनु पर्दछ ।
- शिक्षा प्रणालीमा परिवर्तन गर्नुपर्छ ।
- Bureaucratic state लाई Restructure गर्नुपर्ने ।

२१. **माननीय श्री यज्ञराज सुनुवार**

- निर्वाचन क्षेत्र विकास कार्यक्रम खारेज नगरियोस् । यसलाई बढाएर १० करोड बनाइयोस् ।
- सडकहरु बजेट अभावले अलपत्र छन् ।
- शिक्षा, कृषि, खेलकुद, पर्यटन, जलस्रोत लगायतका क्षेत्रमा बजेटले ध्यान दिनुपर्दछ ।
- सरकारले भुकम्प प्रभावित क्षेत्रमा आवास निर्माणमा ध्यान देओस् आगामी बजेटमा ।
- विदेशिएका युवालाई सम्बोधन गरिनु पर्दछ ।
- बगिरहेको नदी नालालाई प्रयोग गरिनु पर्दछ ।
- निर्वाचन क्षेत्र सडकलाई बजेट थप गरिनु पर्दछ ।
- प्रदेश-प्रदेश बीच जोड्न सडकहरुलाई बजेट विनियोजन गरिनु पर्दछ ।
- भूकम्प प्रभावित क्षेत्रको विकासमा सरकारले ध्यान दिन सकेको छैन त्यसैले त्यसतर्फ आगामी बजेटले सम्बोधन र प्राथमिकता दिन पर्दछ ।

२२. **माननीय श्री देव प्रसाद तिमलसेना**

- धेरै कुराहरु यसमा समेटिएको छ ।
- अव्यवस्थित सुकुम्बासीहरुलाई लालपुर्जा दिने व्यवस्था हुनु पर्दछ ।
- गरिबीको रेखामुनि रहेका विपन्न परिवारलाई कहिले राहत दिने हो जग्गाको मालिक घरको मालिक बनाउने हो त्यतातिर सोच्नु पर्दछ ।
- प्रदेश नं. २ मानव विकास सूचकांक र शिक्षामा पछाडि छ । त्यहाँ बढी बजेट विनियोजन होस् ।
- चन्द्रनिगाहापुरमा मेडिकल कलेजको आवश्यकता ।
- विपन्न परिवारलाई शीतलहरबाट बचाउने विषयमा बजेटमा केही आउनुपर्‍यो ।
- रौतहट, सर्लाही, बारा, धनुषा, महोत्तरी ५ जिल्लामा सिंचाईको व्यवस्था हुनु पर्दछ ।
- नेपालमै कृषि उत्पादनको स्रोत छ त्यसको परिचालन गरिनु पर्दछ ।
- रौतहटमा एउटा औद्योगिक क्षेत्र खोलिनुपर्दछ ।

- सुनकोशी मटिनलाई बाग्मतीमा मिसाउने व्यवस्था बजेटमा राखिनु पर्दछ ।
- बाढी पीडितलाई राहात दिने कुरा बजेटले समेट्नु पर्दछ ।
- बाग्मती सिंचाई आयोजनालाई राष्ट्रिय गौरवको आयोजनामा राखिनु पर्दछ ।
- नेपालमा भएका स्रोतहरुको परिचालन गरिनु पर्दछ ।
- निश्चित समय तोकी मूल्य वृद्धि हुन नपाउने नीति आउनु पऱ्यो ।
- तराई, पहाड र हिमाललाई मिलाएर बजेट विनियोजन हुनु पर्दछ ।
- २ नम्बर र ७ नम्बर प्रदेशलाई फोकस गरेर बजेट आउनु पर्दछ ।
- महगीं नियन्त्रण गर्नेतर्फ सरकारले ध्यान दिनुपर्दछ ।

२३. **<u>माननीय श्री गजेन्द्र बहादुर महत</u>**

- जिल्लाका समस्या केन्द्रको समस्या, केन्द्रका चुनौतीहरु जिल्लाका चुनौतीहरु केन्द्रका अवसरहरु जिल्लाका अवसरहरु सबैलाई मिलाएर आगामी बजेट विनियोजन होस् ।
- कर्णालीलाई दोस्रो दर्जाको आँखाले हेरिएको छ ।
- कर्णालीमा प्रशस्त सम्भावना छ ।
- नयाँ काम थालनी गर्दैछौं । ऋण लिन डराउनु पर्दैन, बजेटमा कञ्जुस्याई नहोस् ।
- सांसदलाई बोझको रुपमा नलियोस्, विकासको जिम्मा दिइयोस् ।
- सांसदलाई भ्रष्टाचार निवारण गर्ने जिम्मा, विकास निर्माणको जिम्मा दिनु पर्दछ ।
- गोरखकाली टायर कारखाना र भृकुटी कागज कारखाना चाँडोभन्दा चाँडो शुरु गरियोस् ।
- नीजि क्षेत्रलाई सबै जिम्मा नदियोस्, सरकारले उद्योगहरु नियन्त्रण गर्नुपर्छ ।

२४. **<u>माननीय श्री गोमा देवकोटा ।</u>**

- महिलाको विषयमा केही समावेश छैन ।
- महिला समानता, महिला सशक्तीकरणका विषयहरु बजेटमा समावेश गरियोस् ।
- सिण्डीकेट यातायातमा मात्र होइन, शिक्षा, स्वास्थ्य क्षेत्रमा पनि छन् । त्यता पनि ध्यान दिनुपर्छ ।
- सामुदायिक विद्यालयलाई प्राथमिकता दिइयोस् ।
- सुनकोशी कमला डाइभर्सनमा वर्षौदेखि केही काम भएको छैन ।
- कृषि क्षेत्रलाई प्राथमिकता दिने हो भने कृषि औजार र विउ विजनमा अनुदान दिनुपर्दछ ।
- सांसद विकास कोष हटाउनु हुँदैन ।
- रेलमार्ग, एयरपोर्ट विस्तार गरिनुपर्दछ ।
- नेपाली उद्योगहरुलाई प्राथमिकता दिनुपर्दछ ।
- महिलाको पक्षमा, गरिबको पक्षमा, स्वास्थ्य क्षेत्रमा, शिक्षा क्षेत्रमा प्राथमिकता दिएर बजेट आउनु पर्दछ ।
- पूर्वाधार खडा भएका उद्योगलाई प्राथमिकता दिनुपर्ने । त्यसले रोजगारी पनि सिर्जना गर्छ ।

२५. **<u>माननीय श्री उमेश श्रेष्ठ</u>**

- बजेटको फोकस के हो ? स्पष्ट हुनु पर्दछ ।
- पूर्वाधार विकास गरिनु पर्दछ यो पहिलो प्राथमिकतामा हुनु पर्दछ ।

- सम्भावनै सम्भावना भएको देश हो तर नीति खराब छ ।
- १००० मेगावाट मात्र पनि विद्युत उत्पादन भएको छैन यसमा मात्र जोड दिए पनि समृद्धि हासिल हुन सक्छ ।
- पर्यटनका लागि पूर्वाधार विकास गर्नुपर्ने ।
- राज्यले राम्रो नीति बनाउनु पर्‍यो, नीजि क्षेत्रले लगानी गर्छ ।
- कृषिको व्यवसायीकरण हुनुपर्‍यो ।
- public, private, partnership शिक्षा र स्वास्थ्यमा राज्यले लगानी गरिनु पर्‍यो ।
- वितरणमुखी अर्थतन्त्रले देश उँभो लाग्न सक्दैन ।
- विदेशी लगानी आउने वातावरण सिर्जना गर्नुपर्ने ।
- मुलुकलाई शिक्षा, स्वास्थ्य र उद्योगको हब बनाउनुपर्‍यो ।

२६. **<u>माननीय श्री महेश्वरजंग गहतराज</u>**

- स्रोत जुटाउने आँट र राजश्व उठाउने (अथक) हिम्मत र साहासिक अनुगमनले मात्र समृद्धि हुने गर्दछ यतातिर ध्यान जाओस् ।
- दुनियाले देख्ने गरी हाम्रो समृद्धिलाई अगाडि बढाउनु पर्दछ ।
- क्षेत्रीय सन्तुलन र समुदायको सन्तुलनलाई विचार गर्नुपर्दछ ।
- जनताको जीवनस्तर उकास्ने कुराहरुमा बढी ध्यान जानु पर्दछ ।
- विगतमा पहुँचका आधारमा विनियोजनले गर्दा असन्तुलन भएको हो ।
- नेपालगञ्ज विमानस्थललाई अन्तराष्ट्रिय विमानस्थलको रुपमा विकास गर्नुपर्ने।
- एकीकृत विकासको अभावमा ठूलो धनराशी व्यर्थमा खर्च भएको छ ।
- पिछडिएको क्षेत्र र समुदायलाई लक्षित गरी बजेट विनियोजन हुनुपर्छ ।
- तराईका सम्पूर्ण नदीहरुलाई तटबन्ध गर्ने परियोजना आउनु पर्दछ ।
- सम्पूर्ण सरकारी कार्यालय र सिंहदरबार भित्रका पुराना गाडीहरु हटाउने नीति ल्याउन पर्दछ ।

२७. **<u>माननीय श्री सरीता न्यौपाने</u>**

- प्राथमिकता बलात्कारबाट पीडित हुने क्षेत्रबाट उन्मुक्ति पाउने विषय समेटिनु पर्दछ ।
- महिलाहरुको विभेदका अन्त्य हुनु पर्दछ ।
- महिलाको श्रमलाई राष्ट्रिय आयमा गणना गर्नुपर्ने ।
- गैर सरकारी संस्थालाई एउटा ठाँउमा एउटा मात्र संस्था जाने व्यवस्था गरिनु पर्दछ ।
- कृषिमा लगानी गर्दा क्षेत्र निर्धारण गरिनु पर्दछ ।

२८. **<u>माननीय श्री रेखा कुमारी</u>**

- अस्थाई शिक्षकहरुको परीक्षा हुन पर्दछ ।

२९. **<u>माननीय श्री रामकुमारी झाँक्री</u>**

- असन्तुलित व्यापार घाटा कम गर्ने कुरालाई प्राथमिकतामा राखिनु पर्दछ ।
- कृषि क्षेत्रमा के गर्ने भन्ने कुराहरु उल्लेख गरिनु पर्दछ ।

- व्यापार घाटा १२४ मुलुकसँग, सबभन्दा बढी भारतसँग । कृषि आयात कम गर्न सके सुधार हुन सक्ने ।
- वैदेशिक रोजगारीमा जाने युवाहरुलाई रोक्ने कार्यक्रम ल्याउनु पर्दछ ।
- कृषिको आधुनिकिकरण, व्यवसायीकरण र कृषि बीमालाई प्राथमिकता दिनुपर्ने ।
- विप्रेषणमा आधारित अर्थतन्त्र होइन, कृषिमा आधारित बनाउनुपर्छ ।
- निर्माणाधीन आयोजना यथाशिघ्र सम्पन्न गर्न प्राथमिकता दिनुपर्ने ।
- निजगढ विमानस्थल र फास्ट ट्र्याकलाई प्राथमिकतामा राख्नु पर्दछ ।
- पूँजीगत खर्च गर्ने सरकारको क्षमता बढाउनु पर्छ ।
- कच्ची सडकहरु वर्षैभरी चल्ने बनाउनु पर्दछ ।
- बजेट निनियोजन गर्दा जनसंख्या र भुगोलको अनुपातलाई मिलाउनु पर्दछ ।

## ३०. **माननीय श्री राजबहादुर बुढा क्षेत्री**

- काठमाडौंबाट सातै प्रदेशका राजधानीसँग, प्रदेश राजधानीबाट जिल्ला सदरमुकाम र जिल्ला सदरमुकामबाट स्थानीय तहका केन्द्रसँग सडक विस्तार गरिनु पर्दछ ।
- हाइड्रोपावर उत्पादनमा अगाडि बढ्नुपर्छ , विद्युत निर्यात गरेर GDP बढाउनु पर्छ ।
- उत्तर दक्षिण जोड्ने बाटो निर्माण तर्फ ध्यान दिनु पर्दछ ।
- रेल, हवाइजहाज र जल यातायातको विषय पहुँचको आधारमा होइन आवश्यकताको आधारमा अगाडि बढाउनु पर्दछ ।
- कृषि प्रधान देशबाट उद्योग प्रधान देशमा रुपानान्तर गर्नुपर्छ ।
- सातै प्रदेशमा गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवा उपलब्ध गराउनु पर्दछ ।
- गुठीलाई रैकर सरहको व्यवस्था मिलाउनु पर्छ ।

## ३१. **माननीय श्री जिवनराम श्रेष्ठ**

- भूकम्पबाट भत्किएका संरचनाहरु पुननिर्माण हुन सकेका छैनन् । विशेष प्याकेज बनाएर प्रदेशलाई जिम्मा दिनुपर्छ ।
- खेलकुदलाई स्वास्थ्यमा लगानीको रुपमा हेनुपर्छ ।
- १३ औं दक्षिण एशियाली खेलकुदको लागि बजेट व्यवस्था
- खेलाडीलाई आजीवन भत्ताको व्यवस्था ।

## ३२. **माननीय श्री नारायण प्रसाद मरासिनी**

- कृषिलाई आधुनिकिकरण गरिनु पर्दछ ।
- बजेटमा उल्लेखित कुराहरुलाई कार्यान्वयन गरिनुपर्दछ ।
- बाम गठबन्धनको घोषणा पत्रमा जे उल्लेख गरेको छ, त्यसबाट दायाँबाँया गरिनु हुँदैन ।
- सामाजिक सुरक्षा- वृद्धभत्ता ५००० पुऱ्याउनु पर्ने ।
- आगामी ५ वर्षमा १०० खर्बको बजेट बनाउनु पर्दछ ।
- शिक्षा क्षेत्रलाई प्राथमिकता
- कृषिमा आधुनिकिकरण र बजारको व्यवस्था ।

### ३३. माननीय श्री कृष्ण बहादुर राई

- माननीयहरुले प्रस्तुत गरेको सुझावहरुलाई मध्यनजर गरेर बजेट बनाउनु पर्दछ ।
- उत्पादन निर्यात गरिनु पर्दछ ।
- अनुत्पादक क्षेत्रमा लगानी बढ्दो यसलाई नियन्त्रण गर्नुपर्ने ।
- राज्यले सामुहिक बिहे गरिदिने परम्परा व्यवस्था गरिनु पर्दछ ।
- धार्मिक क्षेत्रमा संकलन गरिने रकमहरुको अडिट गरिनु पर्दछ ।
- सहकारीमा राखिएको रकमलाई उत्पादनसँग जोडिनु पर्दछ ।

### ३४. माननीय श्री गणेशकुमार पहाडी

- व्यापार घाटा कम गर्न विषय कृषि क्षेत्रलाई प्रमुख प्राथमिकतामा राखिनु पर्दछ ।
- १२ वर्ष अघि ७६ अर्ब व्यापार घाटा भारतसँग, अहिले ६०० अर्ब ।
- राष्ट्रिय उयत्पादन वृद्धि कृषि क्षेत्रको विकास विना सकिँदैन ।
- भूमिको वैज्ञानिक व्यवस्थापन गरिने कुरा प्राथमिकतामा राखिनु पर्दछ ।
- प्राविधिक जनशक्ति उत्पादनको विषयलाई प्राथमिकतामा राखिनु पर्दछ
- बस्ती एकीकरण गरी व्यवस्थित गर्नुपर्ने, यसलाई प्राथमिकता राखियोस् ।

### ३५. माननीय श्री विष्णुप्रसाद पौडेल

- तीव्र आर्थिक फड्को मार्ने जिम्मेवारी हामीमाझ छ ।
- विनियोजन विधेयक समय र हालको परिस्थितिलाई सुहाउँदो आएको छ ।
- तिव्र आर्थिक विकास र समाजवादको मार्गलाई समातेको छ ।
- गरिबिको अन्त्य, असमानताको अन्त्य सिमान्तकृतको लाग उपलब्धी हुने खालको छ ।
- सिमित स्रोत साधन र असिमित आवश्यकता र चाहनालाई सम्बोधन गर्न सफल छ ।
- उपलब्ध स्रोत साधनको अधिकतम परिचालन हुनु पर्दछ ।
- विकासको गतिलाई तिव्रता दिने र राष्ट्रियता र सार्वभौमसत्तालाई केन्द्रमा राखेर विदेशी लगानी भित्र्याउनु पर्छ । विदेशी लगानीको लागि सुरक्षा, लगानीका लागि अनुकुल वातावरण र आकर्षक प्रतिफलको आवश्यकता पर्दछ । यसका लागि आवश्यक कानून र नीति बनाउनु पर्दछ ।
- पूर्वाधारको दृष्टिकोणले पछि परेका हौं ।
- आयोजनाहरु अपेक्षित लागतमा पुरा नहुने, गुणस्तरीय नहुने र तोकिएकै समयमै नसकिने चुनौती कायम छ । यसलाई अन्त्य गर्न अनुगमन मूल्याकंन सम्बन्धी व्यवस्था गरिनु पर्छ ।
- काठमाडौं तराई द्रुतमार्ग, हुलाकी राजमार्ग, मध्य पहाडी राजमार्ग लगायतका विभिन्न उत्तर-दक्षिण राजमार्गलाई उच्च प्राथमिकतामा राखिनु पर्दछ ।
- राष्ट्रिय हित र प्राथमिकतालाई केन्दैमा राखेर ठूलो मात्रामा विदेशी पूँजी र प्रविधि भित्र्याउने नीति लिनु पर्दछ ।
- आवश्यकता, योजना नीति र दृष्टिकोणलाई प्राथमिकताको आधारमा सूचिकृत गरिनु पर्दछ ।
- हाम्रा कानूनी प्रबन्धहरुमा, संरचनागत व्यवस्थाहरुमा, अनुगमन र मूल्याकंन प्रणालीहरुमा जवाफदेहिताको प्रश्नमा थप व्यवस्था गरिनु पर्दछ ।

- पूर्व पश्चित रेलमार्ग, विरगञ्ज काठमाडौं रेलमार्ग, केरुङ काठमाडौं पोखरा लुम्बिनी रेलमार्गको काम सुरु भई अगाडि बढ्छन् भन्ने सुनिश्चितता दिनु पर्दछ ।
- भैरहवा, पोखरा, निजगढ, काठमाडौं अन्तराष्ट्रिय विमानस्थलको निर्माण अगाडि बढेको छ भन्ने सुनिश्चितता हुनु पर्दछ ।
- भेरी बबई डाइभर्सन, कालीगण्डकी तिनाउ डाइभर्सन, राप्ती नमुनेबाट कपिले बस्तुको सुनकोशी कमला डाइभर्सन, सुनकोशी मटिन बागमती डाइभर्सन जस्ता आयोजनाहरुलाई कार्यान्वयन गरिनु पर्दछ ।
- तराईको मधेशको विभेदकारी अन्त्य हुने गरी बजेट आउनु पर्दछ ।
- नीजि क्षेत्रको नेतृत्व र रोजगारी सिर्जना गर्नुपर्ने कुरा प्राथमिकतामा हुनुपर्दछ ।
- चुरे संरक्षणलाई प्राथमिकता दिनु पर्दछ ।
- प्रधानमन्त्री कृषि आधुनीकिकरण कार्यक्रमको प्रभावकारी कार्यान्वयन र प्रतिफलको आशा सहित कार्यक्रम अगाडि बढाउन पर्दछ ।
- शुसासन, भ्रष्टाचार नियन्त्रणका लागि सरकार शून्य शहनशिलताको साथ अगाडि बढ्नु पर्दछ ।

३६. **<u>माननीय श्री ज्ञानेन्द्र बहादुर कार्की</u>**

- मुलुक गरिब भएका कारण समस्या छन् तर विगतलाई गाली गरेर मात्र समाधान हुँदैन ।
- पूर्व अर्थमन्त्रीहरुले राजश्व बढाउन मेहेनत गरेका छन् ।
- पारदर्शी रुपमा विषय र कुराहरु अगाडि आउनुपर्छ ।
- बजेट एक जनाको लहडमा आउने कुरा होइन
- सरकारको प्राथमिकता स्पष्ट भएन कनिका छरेजस्तो भयो । सबै कुरा कसरी प्राथमिकता हुन्छन् ?
- ठूलाठूला आयोजना निर्माण गर्ने चरणमा जाने हो भने वैदेशिक सहायता बढाउने वा घटाउने मात्र गरेर हुँदैन ।
- ठूला पूवार्धार राष्ट्रिय महत्वका आयोजनाले पाउने सुविधा स्पष्ट तोकिएको कानून बनाउन सुझाव दिन्छु ।
- नीजि क्षेत्रका फ्याक्ट्री संचालनकहरु पूँजीपतिहरु अन्य राष्ट्रिय मुलक भित्रका मर्यादित रोजगारीको भरपर्दा स्रोतहरु के गर्दा मुलुकभित्रका लगानी कर्ताहरुले रोजगारी सिर्जना गर्दछ । त्यसलार्य महत्व मानेर त्यसलाई ध्यान दिनुपर्छ ।
- नीजि क्षेत्रको नेतृत्व र रोजगारी सिर्जना गर्ने कुरा प्राथमिकतामा हुनुपर्छ ।
- के गर्दा मुलुकभित्रका लगानीकर्ताहरुले रोजगारी सिर्जना गर्दछन्, त्यसलाई महत्व मानेर त्यसतर्फ ध्यान दिनुपर्छ ।
- चीन र भारतबीचको व्यापारिक साँघु बनी फाइदा लिनुपर्छ ।
- पानीजहाजको कुरा सिद्धान्त र प्राथमिकता देखिएन ।
- अन्तराष्ट्रिय सेतु बन्न मद्दत गर्न पूर्वाधार र निर्माणलाई प्राथमिकतामा राख्न पर्दछ ।
- मुलुकलाई समृद्धिको दिशामा बढाउने कुरामा सहयोग गर्छौ ।
- कर्मचारीमाथि सरुवाको आतंकले सुशासनमाथि प्रश्न उठाएको छ ।

३७. **<u>माननीय श्री जर्नादन शर्मा</u>**

- अबको समृद्धि र विकासको लागि घोषणा पत्र संविधान नै हो ।

- विकास र संमृद्धिको लागि प्रविधिको प्रयोग बढाउनु पर्छ ।
- संघीयता कार्यान्वयनमा अलमल छ, संविधानले दिएका अधिकार प्रयोग गर्न सक्ने बनाउनु जरुरी छ ।
- समृद्धिका लागि ३ तहको सरकारले योजना निर्माण गर्दा परिणाममुखी र एक अर्काको परिपूरक हुनुपर्ने गरी प्राथमिकता सुनिश्चित हुनु पर्दछ ।
- भ्रष्टाचारको समस्या छ ।
- संरचनात्मक विकास, क्षमता वृद्धि र प्रविधिको प्रयोग ।
- जनशक्ति, साधनस्रोत र प्रविधिलाई एकीकृत गरी अघि बढाउनुपर्ने ।
- सिद्धान्त र प्राथमिकतामा आएका कुरा आगामी नीतिहरुमा झल्किनु पर्ने ,
- कर्णाली प्रदेश, प्रदेश नं २ प्रदेश नं ७ मा बढी गरिबी हटाउने कुरा प्राथमिकतामा पर्नुपर्छ । पहिलो यस्ता ठाँउहरुमा रोजगारको सिर्जना, शिक्षा र स्वास्थ्यमा सुधार ल्याउनपर्ने स्रोत साधन माथि जनताको स्वामित्वलार्य नीतिमा ल्याउन पर्दछ ।
- शिक्षा र स्वास्थ्यमा सुधार ल्याउनुपर्ने ।
- आर्थिक रुपले आत्मनिर्भर हुनुपर्छ ।
- समृद्धि र अभियानमा सबै पार्टी र आम जनतालाई सहभागी गराउने कार्यक्रम र वातावरण निर्माण
- नीति र योजना वैज्ञानिक बनाएर कार्यान्वयनमा जोड, अनुगमन तथा मूल्याकंन गर्न सक्ने वातावरण बनाउन पर्दछ । ।
- कुशल राजनीतिक व्यवस्थापन गरेर जानुपर्छ ।
- बजेट सन्तुलित रुपमा न्यायोचित वितरणमा पछि परेका क्षेत्रहरु र समुदायमाथि पाथमिकता र ठूला आयोजनाहरु मार्फत धक्कापूर्ण वृद्धि
- कर्णाली प्रदेशमा ५१% र २ नं प्रदेशमा ३५% गरिबी रहेको छ । जसलाई घटाउन विशेष व्यवस्था गर्नुपर्‍यो ।
- राजस्व वृद्धि १००% गर्न सम्भव छ । त्यो लक्ष्य लिनुपर्छ ।
- उपलब्ध स्रोत साधनको प्रभावकारी प्रयोगका लागि कुशल जनशक्ति व्यवस्थापन गर्नुपर्छ ।
- भ्रष्टाचार नियन्त्रण गर्न सक्ने खालको जनशक्ति र वातावरण बनाएर अघि बढाउनु पर्छ ।
- बजेट सन्तुलित रुपमा न्यायोचित वितरणमा पछि परेका क्षेत्रहरु र समुदाय माथि प्राथमिकता र ठूला आयोजनाहरु मार्फत धक्कापूर्ण अभियान सञ्चालन गरिनु पर्दछ ।

### ३८. <u>माननीय श्रीअनिल कुमार झा</u>

- सांसद विकास कोषको बजेट काट्ने काम गलत हो । कि त प्रदेश र स्थानीय तहका सबै जनप्रतिनिधिले आर्थिक विकास गर्न नपाउने व्यवस्था हुनुपर्‍यो ।
- कतिपय विषय सकरात्मक छन्, कतिपय विषय अस्पष्ट छन्
- हामी श्रमशक्ति निर्यात गर्छौं र उत्पादन आयात गर्छौं, विद्यार्थी विदेश पठाउँछौं र स्वदेशमा मेडिकल कलेज खोल्न दिँदैनौं ।
- शैक्षिक संस्था खोलेर विदेशी विद्यार्थी ल्याउने नीति ल्याउनु पर्छ ।
- सिंचाईको व्यवस्थ ागर्न, खाद्यान्नत निर्यात गर्न, एयरपोर्ट, बाटो, सुरक्षा निकाय र समाजलाई पर्यटन मैत्री बनाउँने र पर्यटक भित्र्याउने ।
- वस्तु र सेवामा भ्यालु एडिसन गर्ने

- जनशक्ति बाहिर पठाएर कहिलेसम्म रेमिट्यान्सले बजेट चलाउने ?
- ५-७ वर्षपछि खाडी मुलुकमा नेपाली कामदारको आवश्यकता पर्दैन, त्यतिबेला कसरी व्यवस्थापन गर्छौं ?
- जनशक्तिलाई कुन काममा लगाउने हो सो सम्बन्धमा सोचिनु पर्दछ ।
- बाढी पीडित, असिना पीडितलाई राहत दिन नसक्ने स्थिति छ, त्यसको सम्बोधन होस् । समन्यायिक रुपले स्रोतको बाँडफाँड होस् ।
- तराईमा भएको प्राकृतिक प्रकोपको पीडितहरुलाई राहतको व्यवस्थाहरु हुनुपर्‍यो ।
- कुनै प्रदेशलाई काखा र कुनै प्रदेशलाई पाखा नहोस्
- देशको द्रुत विकासका लागि हुलाकी राजमार्ग द्रुत मार्ग रेलमार्ग र तराई चुरे क्षेत्रको तीव्र गर्ने ।
- संसदीय पूर्वाधार विकास कार्यक्रमलाई यथावत राखिनुपर्छ ।
- ठेक्कापट्टा लिनेले काम नगर्ने तर सांसदहरुले गाली खाने प्रवृत्ति हटाउन संसद विकास कोषलाई बढाउनु पर्छ ।
- व्यापार घाटा कमगर्ने उपयुक्त उपाय अवलम्बन गर्नु पर्छ ।
- मुद्रास्फिति न्यूनिकरण गर्ने प्रभावकारी उपायहरु र कार्यक्रम तयार गर्नु पर्‍यो ।
- फास्ट ट्रयाक, हुलाकी मार्ग, अन्तराष्ट्रिय विमानस्थल, सुनकोशी मरनि बागमती कमला डाइभर्सन यी विषयहरु सम्बोधन हुनु पर्दछ ।

**३९. <u>माननीय श्री रेनुका गुरुङ</u>**

- बजेट केन्द्रमुखी नभई संघीयतामुखी होस् ।
- बजेट विनियनेजन गर्दा प्रदेशको प्राकृतिक स्रोत र स्थानीय आयस्रोत, त्यस क्षेत्रको निर्माण गरिनुपर्ने भौतिक पूर्वाधार र जनताका प्रस्तावलाई मध्यनजर राखी बजेट विनियोजनमा प्राथमिकता हुनुपर्छ ।
- तुईन हटाई झोलुङ्गे पुल वा पक्की पुल निर्माण होस् ।
- प्रकोप व्यवस्थापनको लागि बजेट, पीडितलाई उचित राहत ।
- बन्दीगृहहरुको भौतिक पूर्वाधार लगायत अन्तराष्ट्रिय मापदण्ड अनुसार बनाउनुपर्ने
- खाद्यान्न सुरक्षाको पहुँच गाउँगाउँमा पुर्‍याउनुपर्ने
- नेपाली सेनालाई समयसापेक्ष बनाउन बजेट उपलब्ध गराउनुपर्ने
- भूकम्प पीडितको आवास निर्माण्लाई पहिलो प्राथमिकता दिनु पर्दछ ।
- राहत, उद्धार तथा शान्ति सुरक्षाको लागि पर्याप्त बजेटको व्यवस्था गर्नुपर्छ ।
- प्राविधिक शिक्षालाई प्राथमिकता सहित पर्याप्त बजेट । ग्रामीण स्तरमा प्राविधिक विद्यालय स्थापना
- राजनीतिक क्रान्तिले धेरै फड्को मार्‍यो, अब आर्थिक क्रान्तिको पालो ।
- जनताका आधारभूत आवश्यकताको परिपूर्ति होस् ।

**४०. <u>माननीय श्री विन्दा पाण्डे</u>**

- यस दस्तावेजमा अन्य दलका घोषणा पत्र, साझा र सकारात्मक कुरालाई समेट्न सक्नुपर्दछ ।
- ५ वर्षे लक्ष्य तोकेर प्रत्येक वर्ष गरिने कार्य तोकिनुपर्छ ।

- विगतदेखि किनारामा पारिएका लिंग, वर्ग र समुदायलाई मूलधारमा ल्याउने लक्ष्य सहित बजेटले उनीहरुको विषयलाई फरब ढंगबाट सम्बोधन गरिनु पर्दछ ।
- पहिलो दायित्व पूवाधार र विकास र रोजगारी उत्पादन
- कृषि, निर्माण, जलस्रोत, पर्यटन, कलकारखाना नै रोजगारीका क्षेत्र हुन् ।
- श्रम र श्रमिकप्रतिको सामाजिक दृष्टिकोण रुपान्तरण
- कृषि उत्पादन सरकारले उचित मूल्यमा खरिद गर्ने र कृषि उत्पादनमा आधारित उद्योग स्थापना
- महिलाहरु आधा जनसंख्या मात्र होइन, आधा श्रमशक्ति पनि हुन् ।
- विगतदेखि किनारामा पारिएका लिंग, वर्ग र समुदायलाई मूल धारमा ल्याउने सहित बजेटले उनीहरुलाई सम्बोधन गरिनु पर्दछ ।
- महिलाहरुलाई पुरुष बहुल रोजगारी क्षेत्रमा समेत समान रुपले सहभागी गराउने तर्फ बजेट लक्षित हुनुपर्दछ ।
- बन्द भएका उद्योगमा स्थानीय जनताको स्वामित्व सहित सञ्चालन
- प्रत्येक श्रमिकलाई सामाजिक सुरक्षाको व्यवस्था हुनुपर्छ ।
- पारिश्रमिक भुक्तानी बैकिङ्ग प्रणालीबाट हुनुपर्दछ ।
- युवालाई दक्ष बनाउने ।
- समावेशी र विभेदको अन्त्य गर्ने बजेट होस्
- सम्वृद्धि यसको मूख्य लक्ष्य र हालको आवश्यकता पनि हो ।
- सिमान्तकृत वर्ग, लिंग, क्षेत्रलाई मूलधारमा ल्याउन बजेटले फरक ढंगले सम्बोधन गर्नुपर्छ ।
- रोजगारी सिर्जनामा जोड दिई मर्यादित श्रम क्षेत्र कायम गर्नुपर्छ ।
- पर्यटन, कृषि, उद्योग जस्ता क्षेन नै रोजगारीका प्रमुख आधार हुन् ।
- वनक्षेत्रलाई पनि रोजगारीको क्षेत्रका रुपमा विकास गर्नुपर्छ ।
- बैकिंङ रेमिट्यान्समा थप प्रोत्साहनको व्यवस्था बजेटद्वारा नै हुनुपर्दछ ।

## ४१. <u>माननीय श्री प्रदीप गिरी</u>

- यस दस्तावेजमा गणतन्त्र, संघीयता, विप्रेषण र र्कषिका बारेमा पुरानो शैलीमा सम्बोधन गरेको छ ।
- हामीले अपनाएका सिद्धान्त बेलायत र अमेरिकामा बने, ती हामीकहाँ सार्न्दभिक छैन ।
- गणतन्त्र र संघियतालाई फरक फरक राखेर हेर्न पर्दछ ।
- विकासको एकमात्र सूचक वृद्धिदर होइन । रोजगार पनि महत्वपूर्ण हो ।
- विकासको अवधारणा परिवर्तन गरिनु पर्दछ ।
- उच्च आर्थिक वृद्धि र समान वितरण गर्नुपर्ने
- विप्रेषणबाट आएको आय कुनै पनि समय रोकिन सक्छ ।
- जनताको क्रयशक्ति बढ्नुपर्छ ।
- वृद्धिदर होइन, रोजगारीलाई प्राथमिकता राख्नुपर्छ, गाँउगाँउमा रोजगारी सिर्जना हुनुपर्दछ ।
- वैदेशिक रोजगारमा जानेलाई तालिम सुविधा कसरी दिने सो सम्बन्धमा सोच्नुपर्दछ ।

## ४२. <u>माननीय श्री सुरेन्द्र कुमार कार्की</u>

- विकास र रणनीतिबारे आम जनताले बहस गर्न पाउनुपऱ्यो ।

- नेपालको प्राथमिकता नेपाली जनताले गर्न पाउनु पर्दछ ।
- पब्लिक छलफल बहस अनुगमन गर्न व्यवस्था गरिनु पर्दछ ।
- वित्तिय पूँजीलाई औद्योगिक पूँजीमा रुपान्तरण
- हाम्रा लक्ष्य निर्धारण हुनु पर्दछ ।
- प्राथमिकता छनौटका लागि हामीले मौलिक स्तर तय गर्नु पर्छ ।
- हाम्रो स्वास्थ्य शिक्षा क्षेत्रको विकासका लागि उचित र व्यवहारिक योजना बनाउँ ।
- सबै केन्द्रिय तहका नेताहरु र प्रथम श्रेणीका कर्मचारीहरुले शिक्षा र स्वास्थ्यमा लगानी गर्न बन्द गरिनु पर्दछ ।

## ४३. <u>माननीय श्री अमृता अग्रहरि</u>

- कपिलवस्तुको विकासका लागि साथै सरकारको नजर पर्न सकेन
- कपिलवस्तु तिलौराकोटलाई सुन्दर पर्यटकीय स्थलको रुपमा विकास गर्नुपर्ने
- कपिलवस्तुलाई पर्यटकीय क्षेत्र बनाउन सकेमा अर्थतन्त्रमा प्रभावकारी प्रभाव पार्न सक्छ ।
- लुम्बिनी विकास कोषले मात्र कपिलवस्तु जस्तो ऐतिहासिक क्षेत्रको विकास सम्भव छैन, कपिलवस्तु विकास कोष स्थापना होस् ।
- देशका ऐतिहासिक स्थानहरुको विकास गरिनु पर्दछ ।

## ४४. <u>माननीय श्री भानुभक्त ढकाल</u>

- सिद्धान्त र प्राथमिकताहरु राम्रा छन् र मेरो समर्थन गर्छु
- बुँदा नं. २ ले सुकुम्बासीहरुको आधारभूत आवश्यकतालाई पूर्ण सम्बोधन गर्न सकेन कि ?
- नदी नियन्त्रणलाई सिद्धान्तमा मात्र नभई व्यवहारमै नियन्त्रण गरौं र खोलालाई अभिसाप हैन बरदान सावित गरौं
- तमोर चिसाङ डाइभर्सन मार्फत मोरङ, सुनसरी र झापामा सिंचाई र खानेपानीको व्यवस्था हुनुपर्दछ ।
- पहुँच भएकामा मात्र विकास आउने परम्परा अन्त्य होस् ।
- प्रदेश नं. १ को कृषि विकासको लागि सिंचाइको उचित प्रबन्ध होस् ।
- भूमिको द्वैद स्वामित्व अन्त्य गरिनु पर्दछ ।

## ४५. <u>माननीय श्री दिलेन्द्र प्रसाद बडू</u>

- यो विनियोजन विधेयकमा अन्तर विरोध छ ।
- प्रदेश र स्थानीय तहले योजना निर्माण गर्न पाउनु पर्दछ ।
- गाँउ-गाँउ जोड्ने सडक, गाँउ-गाँउमा खानेपानीको व्यवस्था हुनुपर्दछ ।
- स्थानीय तहको समृद्धि र त्यतातिर बजेट प्रवाह हुनु पर्दछ ।
- प्रदेश र स्थानीय तहमा खर्च गर्ने क्षमता छैन
- ग्रामीण क्षोत्रमा स्थानीय र र प्रदेश तहमा योजना बाँडफाँडमा सिद्धान्त बनाउनुपर्ने
- एउटै प्रदेशभित्र पर्ने योजना प्रदेश तहहलाई र एउटै स्थानीय तहभित्र पर्ने योजना स्थानीय तहलाई दिनुपर्ने ।

- प्रदेश प्रदेश जोड्ने योजनाहरुलाई केन्द्रले चलाउनु पर्दछ ।
- सुरु भइसकेका योजनालाई पहिला पूर्णता दिनुपर्ने ।
- आर्थिक दृष्टिकोणबाट संघीयता महसुस हुनुपर्ने,
- उत्पादन बढाउने दृष्टिकोण राख्नु पर्दछ ।
- जमिन लिजमा दिने कानून बनाऔं
- उत्पादन बढाउने दृष्टिकोण बन्नुपर्छ
- माध्यमिक तहसम्म निःशुःल्क शिक्षाको लक्ष्य हासिल गर्ने हो भने सोही अनुसार बजेट विनियोजन हुनु पऱ्यो ।
- दुर्गम क्षेत्रको लागि सुगम क्षेत्रको भन्दा बढी बजेट हुनु पर्दछ ।
- सुरक्षाको अभावले बैंकहरु स्थानीय तहमहा जान चाहेको छैनन् सुरक्षा चौकीको लागि बजेट आवश्यक छ ।
- सीमा क्षेत्रका लागि सुरक्षा चौकीको लागि बजेट विनियोजन हुनु पर्दछ ।

### ४६. **माननीय श्री लालप्रसाद साँवा लिम्बु**

- पर्यटन क्षेत्र महत्वपूर्ण क्षेत्र हो ।
- १० वर्षमा ५० लाख पर्यटक भित्र्याउने योजना हुनु पर्दछ ।
- साहसिक पर्यटनको लागि पूर्वाधारको विकास र प्रचार गर्ने व्यवस्था हुनुपर्दछ ।
- सातै प्रदेशमा पर्यटनको समानुपातिक हिसाबले गन्तव्य पूर्वाधार विकास गरिनु पर्दछ ।
- नीजि क्षेत्रलाई आह्वान गरेर कम पर्यटक आउने क्षेत्रमा पर्यटन प्रर्वद्धन गरिनु पर्दछ ।
- पर्यटन विश्वविद्यालय स्थापना गरिनु पर्दछ ।
- सांसद विकास कोष खारेज गर्नु हुँदैन

### ४७. **माननीय श्री कमला रोका**

- सामाजिक न्याय र समानतामा आधारित बजेट हुनेछ भन्ने विश्वास
- पहुँचवालाले आफ्नो जिल्ला, गाँउ र योजना बजेट पुऱ्याउने विगतको अभ्यास
- आर्थिक आत्मनिर्भरताको निमित कृषिको आधुनिकिकरण, भू-उपयोग नीति उत्पादित सामानको विक्री वितरण गर्नको निम्ति कृषिमा आधारित सहकारी र अनुदानको व्यवस्था ।
- सुन्दर र समृद्धि नेपाल बनाउन प्राथमिकता र सुधार तया हुनु पर्दछ ।
- जमिन, जंगल र जलका जनताको पहुँच हुने नीति हुनु पर्दछ ।
- महिलाको पहुँच र जीवनस्तर उकास्न बजेटले नीति लिनु पर्दछ ।
- जनताको आशा र उपेक्षा अनुसार बजेट आउनु पर्दछ ।

### ४८. **माननीय श्री घनश्याम भुषाल**

- २०५१ सालको बजेटदेखि कुनै नयाँ कुरा आएको छैन ।
- हाम्रो अर्थतन्त्रको सबैभन्दा ठूलो समस्या दलाल पूँजीवादले ल्याएको समस्या हो ।

- अर्थतन्त्रको ठूलो समस्याको रुपमा गाँउको जनसंख्या शहर र शहरबाट विदेशीने गरेको छ। ग्रामीण योजना अत्यन्त परम्परागत कृषि पेशामा रहेकाले हामी गरिब छौं । त्यसैले उत्पादनमुलक र रोजगारमुखी व्यवस्था कायम गर्नुपर्‍यो ।
- उद्यम नभएर विभिन्न समस्या आएका छन् ।
- संविधान र वामगठबन्धनको घोषणा पत्रलाई एकैठाँउमा राखेर बजेटको सिद्धान्त बनाउनु पर्दछ ।
- अबको ५ वर्ष एउटैमात्र सिद्धान्त भनेको परम्परागत कृषि पेशालाई व्यावसायिक बनाउनु पर्छ ।
- प्रत्येक सांसदले खाने तलब भत्ता समेत यो देशका समग्र देशवाशीको यथार्थसँग गाँसिएको हुनु पर्छ ।

४९. **<u>माननीय श्री मान बहादुर विश्वकर्मा</u>**

- local technologyविकासमा प्राथमिकता दिएको छैन ।
- देशलाई प्रयोगशाला बनाउनु हुँदैन ।
- समाजमा व्याप्त असमानता (आर्थिक सामाजिक) हटाउन यो विधेयकको ध्यान पुग्नुपर्छ ।
- अघिल्लो सरकारले गरेका कामलाई पछिल्लो सरकारले निरन्तरता दिई समय, लागतमा न्यूनिकरण गर्नुपर्छ ।
- देशमा योजना बनाउने क्रममा पनि collision cultureकायम गर्नुपर्छ ।
- नीजि लगानीलाई समावेश गर्नुपर्छ ।
- नेपाललाई अल्पविकशित मुलुकबाट विकसीतमुलक बनाउन तोकिएको इन्डीकेटरहरुलाई यो दस्तावेजले समेट्न सकेन ।
- उर्जा आपूर्ति पर्याप्त गर्न हाइड्रो पावर सञ्चालन र विकासका लागि यसले धेरै प्राथमिकता दिएको पाइएन ।
- उत्पादन वृद्धि गरी आय आर्जनको वृद्धि गरी ग्रामीण जनस्तर अघि बढाउनु पर्छ ।
- समावेशीतातर्फ ध्यान पुगोस् ।

५०. **<u>माननीय श्री टेकबहादुर बस्नेत</u>**

- सीमित बजेट र असिमित आवश्यकताहरुलाई व्यवस्थापन गर्न बजेटमा नविनतम IDPA हुनुपर्छ ।
- वर्षौदेखी बन्न नसकेका र नबनेका योजनाहरुलाई बजेटले समेट्न सकेको छैन ।
- युवाशक्तिको पलायन कहिले रोक्ने ?
- नेपालमै युवाशक्ति परिचालन गर्न Road map बनाउनुपर्ने ।
- राष्ट्रिय गौरवका आयोजना समयमै सम्पन्न गर्न बजेटको कमी हुनुहुँदैन ।
- गाँउगाँउका वडावडामा विद्युत, सडक र सञ्चार पुर्‍याउनु पर्छ ।
- प्रत्येक स्थानीय तहमा प्राविधिक शिक्षाको व्यवस्था गर्नु आवश्यक छ ।
- जनयुद्ध, जनआन्दोलन र मधेश आन्दोलनका घाइतेको लागि उपचार र सामाजिक सुरक्षाको व्यवस्था गरिनुपर्छ ।

५१.**<u>माननीय श्री प्रदिप यादव</u>**

- बजेटले प्रादेशिक अधिकार उच्च बनाउन ध्यान दिनुपर्छ ।

- प्रदेश नं. २ को मानव विकास सुचकांक उच्च बनाउन विशेष जोड दिनु पर्छ ।
- प्रदेश नं. २ को पक्की सडकको अवस्था न्यून छ तर पनि देशमा कर बुझाउने प्रदेशमा दोस्रो नं. मा पर्छ । त्यसैले राज्यको मधेश प्रति रहेको विभेदकारी र पूर्वाग्राही नीतिको अन्त्य होस् ।
- मधेशको अधिकांश बालबालिका शिक्षाको पहुँच बाहिर रहेकाले बालबालिकालाई विद्यालय सम्म ल्याउन उचित व्यवस्था होस् ।
- पतलैया देखी विरगञ्जसम्मको क्षेत्रलाई औद्योगिक क्षेत्र घोषणा यसै बजेट मार्फत गरिनु पर्छ ।
- बाराको गडीमाई लगायतका अन्य धार्मिक र ऐतिहासिक स्थलहरुको विकास गर्नुपर्छ ।
- मधेशका बन्द उद्योग सञ्चालन गर्न वा वैकल्पिक आय खोज्न माग गर्छु ।

## ५२. **मानननीय श्री दुर्गा पौडेल**

- नेपाल सरकारको सबैभन्दा ठूलो समस्या नीतिको कार्यान्वयन नहुनु रहेको छ ।
- समाजवाद उन्मुख अर्थप्रणालीलाई कार्यान्वयन गर्ने विषय यसमा परेको छैन ।
- बहुराष्ट्रिय कम्पनीबाट भइरहेको आर्थिक शोषण कम गर्ने नीति चाहिन्छ ।
- सरकारका नीतिहरु कार्यान्वयनको स्थिति न्यून रहेकाले यो नीति तथा कार्यक्रम पूर्ण रुपमा कार्यान्वयन हुने कुरामा आशंका रहेको छ ।
- केन्द्रिकृत विकाश नीतिको ठाँउमा विकेन्द्रित र संकलीत विकास नीति अवलम्बन गर्नुपर्छ ।
- देशको प्रशासकिय प्रकृया र प्रवृत्तिमा सुधार नगरी व्यापार घाटाको अन्त्य गर्न सकिँदैन ।
- पर्यटनको विकास र विस्तार गर्न ग्रामीण पर्यटनमा पनि जोड दिनु पर्छ ।
- कृषिलाई आधुनीकिकरण गरेर लैजानु पर्छ ।

## ५३. **माननीय श्री छविलाल विश्वकर्मा**

- जनताको जीवनस्तर नबढाई नीति निर्माण मात्र गरेर केही हुन्न ।
- समाजमा विद्यमान विभेद र असमानता (आर्थिक, सामाजिक लगायतका) हरुको अन्त्यका लागि बजेटले काम गर्नुपर्छ ।
- विकासलाई अघि बढाउँदा हाम्रो मौलिक सांस्कतिक सम्पदा र धरोहरहरुलाई संरक्षण गरेर मात्र अघि बढ्नु पर्छ ।
- दलित जनताहरु विभेदको चपेटामा परेका छन् ।
- विगतका कार्यक्रमहरु कार्यान्वयनमा कमजोरी भयो ।
- स्वरोजगार सिर्जनागर्ने सम्बन्धमा उचित नीति र कार्यक्रमको निरन्तरता आएन ।
- देशैभरि सुकुम्बासी समस्या छ, त्यसको सम्बोधन कसरी गर्ने ?
- सांस्कृतिक सम्पदा संरक्षण गर्दै विकास गर्नुपर्छ ।

## ५४. **माननीय श्री यज्ञबहादुर बोगटी**

- द्वन्द्वका क्रममा ध्वस्त भएका भौतिक सम्पत्तीहरुको पुन निर्माण हुन नसकि रहेकाले यसलाई बजेटले सम्बोधन गर्नुपर्छ ।
- जहाँ पहुँच त्यही विकास पुग्ने प्रवृत्ति अन्त्य हुनुपर्छ । न्यायोचित वितरण होस्
- गुणस्तरीय शिक्षाको नीति व्यवहारमा कार्यान्वयन होस् ।
- कृषि बीमाको नीति सरकारले लिनुपर्छ ।

- अछाम जिल्ला न्यायोचित र सन्तुलित ढंगले विकाश हुन नसकेको कारणले यसको विकासमा सरकारले ध्यान दियोस् ।
- शिक्षाको गुणस्तरीयता वृद्धि गर्न एक कक्षा एक शिक्षकको नीति लागु गर्नुपर्छ
- भूमिविहिनलाई भूमि र घरवास विहिनलाई घरवासको व्यवस्था गरिनु पर्छ ।

## ५५. <u>माननीय श्री डीला संग्रौला (पन्त)</u>

- योजनाविदले समृद्धिको खाका कोर्न सकेनन् ।
- नीजि क्षेत्रको लगानी मै देशको समृद्धि हुन्छ ।
- पार्टीको घोषणापत्रमा आधारित बजेट ।
- नीजि क्षेत्रलाई बजेटले प्रोत्साहन गरेन ।
- विदेशीएका नेपालीलाई स्वदेश भित्र्याउने, रोजगारी प्रदान गर्ने कुनै योजना बजेटमा पाइएन ।
- गर्भवति महिलाहरुलाई पौष्टिक तत्वको अभाव छ । त्यसैले यस सम्बन्धी केही पनि व्यवस्था बजेटमा आएन ।
- भेरी अञ्चल अस्पतालको स्तरोन्नती होस् ।
- बजेटमा अधिकार प्रत्यायोजन हुनु पर्ने विषयलाई बजेटले ध्यान दिन सकेन ।
- पर्यटक आकर्षण गर्ने विषय बजेटमा आएन ।
- 

## ५६. <u>माननीय श्री पूर्ण कुमारी सुवेदी</u>

- जनताले द्रुत गतिको विकास खोजेका छन् बजेटको आकार ठूलो हुनुपर्छ ।
- जनता लगानी गर्न उत्सुक छन्, परियोजनाहरु ल्याइनु पर्छ ।
- नेपालगञ्ज क्यान्सर हस्पिटललाई बजेट व्यवस्था होस् ।
- हुलाकी सडक समयमै पूरा होस् ।
- जाति, वर्ग, क्षेत्रको हितका लागि योजना बनाउँछौं तर कार्यान्वयन फितलो छ ।
- बाँके जिल्लाको बाढी पीडितहरुको व्यवस्थापन र असुरक्षित रहेका बाँध भत्काउन स्थानीयको माग रहेको छ ।
- कृषि उत्पादन बढाउने र भूमि सुधार सम्बन्धी विषय बजेटमा आउनु पऱ्यो ।
- कोहलपुरको रंगशालालाई बजेट व्यवस्था होस् ।
- कृषि उत्पादनको मूल्य, भूमि व्यवस्थापन सम्बन्धी विषय आएन ।

## ५७. <u>माननीय श्री उमाशंकर अरगरिया</u>

- कृषिको विकास नहुन्जेल नेपालको विकास हुँदैन
- कृषिमा लगानी बढाउनु पर्छ ।
- जहाँ धान खेती छ त्यहाँ धान मिल, जुट खेती हुने क्षेत्रमा जुट मील, आँप खेती हुने क्षेत्रमा जुस फ्याक्ट्रिको स्थापना गर्नुपर्छ जसले रोजगारीको पनि वृद्धि हुन्छ ।
- देश र जनताको हित र विकासको लागि बजेट बनाउँ नकि कार्यकर्ता पालन गर्न ।

## ५८. **मानननीय श्री सूर्य प्रसाद पाठक**

- बजेटको प्रभावकारी कार्यान्वयन मार्फत देशमा व्याप्त असमानताको अन्त्य गर्नुपर्छ ।
- भूमि व्यवस्थापनको स्पष्ट नीति ल्याई जग्गाको खण्डीकरण रोकिनु पर्छ । खेती बाँझो राख्ने प्रवृत्तिको अन्त्य गर्नुपर्छ ।
- सामाजिक न्यायमा आधारित समतामुलक समाज निर्माण गर्ने सबैको दायित्व ।
- वैज्ञानिक भूमिसुधार लागु होस् ।
- Brain drain रोक्न नीतिगत सुधार होस्
- प्रवासी नेपालीलाई फर्काउने नीति लिइयोस्
- वर्तमान ज्याला नीतिलाई व्यापक परिवर्तन गरियोस्, ज्याला वृद्धि होस् ।
- ढोरपाटन आरक्षलाई पर्यटकीय क्षेत्रको रुपमा विकसित गरियोस् ।
- शिक्षा र स्वास्थ्यमा समानता ल्याई सामाजिक रुपान्तरण गरौं ।

## ५९. **माननीय श्री मनकुमारी जि.सी.**

- बाग्लुङमा सुन खानी, तामा खानी र फलाम खानी छन् ।
- ढोरपाटन आरक्षलाई पर्यटकीय क्षेत्रको रुपमा हेर्नुपर्छ ।

## ६०. **माननीय श्री केदार सिग्देल**

- सुकुम्बासी र अव्यवस्थित बसोबासको समस्या ३५/३६ जिल्लामा छन् तिनको समस्या हल गर्न प्राथमिकता दिनुपर्छ ।
- वातावरण प्रदुषण नियन्त्रणका लागि अबका विकास निर्माणका कार्यक्रम वातावरण मैत्री हुनु पर्छ ।
- नयाँ योजना थप्ने भन्दा विगतका अधुरा योजना पूरा गर्नेतिर ध्यान जाओस् ।
- अबका विकास योजनाहरु वातावरणमैत्री हुनुपर्छ ।

## ६१. **माननीय श्री राम बहादुर विष्ट**

- सिद्धान्तमा सबै विषय समेटिएका छन् ।
- बेरोजगारी मूख्य समस्या हो, युवालाई स्वदेशमै रोजगारीको अवसर सिर्जना गर्नुपर्छ ।
- विदेश पलायन भई रहेका विकराल अवस्थाको सम्बोधन गर्न बजेटले के व्यवस्था गर्‍यो ।
- भूकम्प पीडितहरुका लागि ठोस कार्यक्रम ल्याउनु पर्‍यो ।
- सांसद विकास कोषको रकम यथावत रहनु पर्छ ।
- संसदीय क्षेत्र विकास कोषमा विभेदकारी नीति नहोस् ।

## ६२. **माननीय श्री सरिता गिरी**

- राज्यको बचतको अवस्थालाई ख्याल गर्नु पर्‍यो, राज्यको ढुकुटीमा रकम नहुने तर बजेट बन्ने प्रवृत्तिले समाजवाद साकार हुँदैन । अझै पनि केन्द्रिकृत मानसिकता कायम छ । केन्द्रिकृत मानसिकताबाट विकास सम्भव छैन यसको स्थानीय स्तरमा केन्द्रित गर्नुपर्छ ।
- महिला सशक्तिकरणका लागि बजेटको व्यवस्था होस् ।
- बैंकहरुमा धेरै तरलता छ तर ढुकुटी रित्तो छ भनियो, त्यो कसरी हुन्छ ?

- परिवर्तन केन्द्रबाट सम्भव छैन, periphery बाट सम्भव छ । त्यो periphery मा बजेट जान्छ कि जाँदैन भन्ने चिन्ता छ ।
- बजेट प्रदेशलाई प्रशस्त दिइयोस् ।

६३. **माननीय श्री घनश्याम खतिवडा**

- सुखी नेपाल समृद्ध नेपालका धेरै विषय बजेटले समेटेको छ ।
- सहकारीको माध्यमबाट गरिबी निवारण र रोजगारी सिर्जना गर्नुपर्छ ।
- कृषिको आधुनीकीकरण गर्दै, भूमिको खण्डीकरणको अन्त्य गर्नुपर्छ ।
- प्रदेश नं. १ को अन्न भण्डारका रुपमा रहेका झापा, मोरङ, सुनसरीमा सिंचाईको उचित व्यवस्था होस् ।
- भू-उपयोग नीतिलाई प्रष्टसँग व्याख्या गरियोस् ।
- भ्रष्टाचार विकासको सबैभन्दा ठूलो समस्या हो । राजनीतिक भ्रष्टाचार शून्यमा झार्नुपर्छ ।
- तमोर-चिसाङ डाइभर्सन प्राथमिकतामा परोस् ।
- शिक्षामा २०% बजेट सामाजिक सुरक्षा लगायत घोषणापत्रमा उल्लेखित विषय तलमाथि नगरी लागु होस् ।
- युवा स्वरोजगार, लैगिंक विभेदको अन्त्य गर्दै बजेट आओस् ।

६४. **माननीय श्री विरोध खतिवडा**

- हाम्रो आँखा पूर्ण विकसित देशतर्फ, वास्तविकता गरिबीको बीचमा छ, मध्य मार्गबाट अगाडि बढ्नुपर्छ ।
- बजेटले रोजगारी सिर्जना गर्नुपर्छ ।
- प्राविधिक जनशक्ति तयार गर्नुपर्छ ।
- सडकको दुराअवस्थाको अन्त्य हुनुपर्छ ।
- बजेटले विदेशीने श्रमशक्तिलाई कति रोजगारी उपलब्ध गराउन सक्छ ।
- सुकुम्बासीका समस्या बाढी पीडितका समस्यालाई सम्बोधन गरेर अघि बढ्नु पर्छ ।
- कृषियोग्य जमिनमा कहाँ के उत्पादन हुन्छ भन्ने परिक्षण गरि उचित स्थानमा उचित उत्पादन गर्नेतर्फ बढौं ।
- विकास सन्तुलित हुनुपर्छ । सबै जिल्लामा आयोजना समान रुपले वितरण हुनुपर्छ ।

६५. **माननीय श्री पुष्पा कुमारी कर्ण कायस्थ**

- गर्भवती महिलाको स्वास्थ्य परिक्षण गर्ने चिकित्सा संस्था र Birthing centreको अभाव छ । बजेटले व्यवस्था गरोस् ।
- प्रत्येक प्रदेशमा व्यवसायिक विश्वविद्यालय स्थापना होस् ।
- राष्ट्रिय खेलकुद विश्वविद्यालयका लागि नयाँ पूर्वाधारको बजेट विनियोजन हुनुपर्छ ।
- वैकल्पिक उर्जाको प्रयोग गर्नका लागि तराईका जिल्लामा suncity को अवधारणा ल्याइयोस् ।
- कनिका छरेझैं बजेट नआओस् सन्तुलित विकास होस् ।

६६. **माननीय श्री मिना पाण्डे**

- लैगिंक बजेटलाई प्रोत्साहन गरिनु पर्छ ।
- ग्रामीण महिलाको सशक्तीकरणको लागि लैंगिक बजेट थप गरियोस् ।
- पहाडी क्षेत्रमा पिउने पानीको समस्या छ, त्यसलाई सम्बोधन होस् ।
- सिंचाईलाई प्राथमिकता दिनुपर्छ ।
- काठमाडौं निजगढ सडक छिटो बनोस् ।
- अधुरा योजनाहरुलाई पूर्णता दिनुपर्छ ।

६७. **माननीय श्री सुरेश कुमार राई**

- स्वाधिन र आत्मनिर्भर अर्थतन्त्रको विकास गरिनु पर्छ ।
- तटबन्ध, सुकुम्बासी, अव्यवस्थित शहरीकरण, युवा पलायन लगायतका विषयमा यसले सम्बोधन गरेको छ ।
- माटो परिक्षण, प्राङगरिक मल, बिउ उपलब्ध गराउनु पर्छ ।
- उदयपुरमा विद्यमान खानेपानी समस्याको दिर्घकालिन समाधानका लागि ठोस् योजना हुनुपर्छ ।
- भूकम्प प्रभावित क्षेत्रमा एकीकृत बस्ती विकासमा विशेष जोड दिनु पर्‍यो ।
- उर्जा क्षेत्रको विकासका लागि जनताको लगानी कार्यक्रम ल्याउनु पर्‍यो ।

६८. **माननीय श्री हरिनारायण प्रसाद सारौनियार**

- ७ नं. प्रदेश मध्ये २ नं. प्रदेशमा गरिबिको रेखामुनी रहेको जनसंख्या अत्यधिक छ त्यसैले त्यस क्षेत्रको शिक्षा, रोजगारको विकासमा बजेटले जोड दिनु पर्‍यो ।
- उचित बजारको अभावमा कृषकले उचित मूल्य पाईरहेको छैनन् ।
- प्रत्येक संसदीय क्षेत्रमा कृषि उत्पादन र संकलन भण्डारणको व्यवस्था गरिनु पर्छ ।
- २ नं. प्रदेशका अधिकांश कृषि भूमिमा सिंचाई नहरको व्यवस्था हुँदै पनि सिंचाई हुन नसकेको अवस्था छ ।
- वाणिज्य बैकंहरुको unproductive क्षेत्रमा हुने गरेको लगानीलाई कम गर्नु पर्‍यो ।

६९. **माननीय श्री शान्ता चौधरी**

- निर्यात योग्य उत्पादनमा वृद्धि गरिनु पर्छ ।
- कतिपय स्थानीयहरुमा बैकिङ्ग नपुगेकाले समस्या रहेको छ ।
- नागरिकका मौलिक हक सुनिश्चित गर्न बजेटले व्यवस्था गर्नुपर्छ ।
- खानेपानी र सरसफाईका लागि बजेटले व्यवस्था गरोस्
- भू-सुकुम्बासी, हरुवा, चरुवाहरुको उचित व्यवस्था होस् ।

७०. **माननीय श्री महेन्द्र राय यादव**

- कृषिलाई आधुनिकीकरण र औद्योगिकीकरण गर्नुपर्छ ।
- कृषि उत्पादनको मूल्य निर्धारण हुनुपर्छ ।
- कृषि क्षेत्रलाई उपेक्षा गरेर समृद्धि हासिल हुँदैन ।

- उत्पादन क्षेत्रमा विद्युतीकरणको लागि बजेट विनियोजन हुनुपर्छ ।
- नदी नियन्त्रणमा बजेट विनियोजन हुनुपर्छ ।
- कृषि क्षेत्रको उत्पादनमा vat लगाउनु पर्छ ।
- सिंचाईको उचित व्यवस्थापन गरिनु पर्दछ ।
- कृषिको उत्पादन उद्योगसँग जोड्नु पर्छ ।

**७१. मानननीय श्री गोपाल बहादुर बम**

- रारालाई कर्णाली प्रदेशको पर्यटकीय राजधानी बनाउने विषय आओस्

**७२. माननीय श्री दलबहादुर राना**

- संघ अन्तर्गत राखिने आयोजनामा लागत लाभान्वित क्षेत्र मापदण्डमा राख्नुपर्छ
- जनसंख्यालाई मात्र आधारमा राख्ने हो भने हिमाली क्षेत्रमा कुनै योजना पर्दैनन् ।
- निर्वाचन क्षेत्र विकास कार्याक्रम आवश्यक छ । संसदलाई जनताप्रति उत्तरदायी बनाउँछ ।
- पूर्वाधार विकास कार्यक्रमको रकम न्यूनतम ५ करोड देखि १० करोडसम्म पुऱ्याउनु पर्छ ।

**७३. माननीय श्री देवेन्द्र राज कंडेल**

- व्यापार घाटा कम गर्ने तर्फ ध्यान दिनुपर्छ ।
- विद्युतमा आत्मनिर्भर बन्न सक्छौं ।
- धार्मिक पर्यटन, राष्ट्रिय निकुञ्ज, साहसिक पर्यटनलाई व्यवस्थित गर्न सके धेरै पर्यटक भित्र्याउन सकिन्छ र आम्दानी गर्न सकिन्छ ।
- सम्भावित खानीजन्य पदार्थको उत्खनन् र विकास गर्नुपर्छ ।
- कृषिमा लगानी बढाई व्यावसायिकरण मार्फत कृषिमा आत्मनिर्भर भई आयात प्रतिस्थापन गर्नुपर्छ ।
- करदातालाई आकर्षित गरिनु पर्दछ ।

**७४. माननीय श्री हितबहादुर तामाङ**

- दक्ष प्राविधिकहरुको अभाव पूरा गर्न बजेटले ध्यान दिनुपर्छ ।
- रणनीतिक महत्वका आयोजनाहरु तीव्रताका साथ अगाडि बढ्नु पर्छ ।
- संस्थागत जवाफदेहिता बढाउँदा अनुगमन, मूल्याकंन र नियमन गर्ने संस्थाहरुले सक्रियता बढाउनु पर्छ ।
- ठेकेदार मात्र होइन, त्यसलाई निरिक्षण अनुगमन गर्ने निकायले पनि जिम्मेवारी बहन गर्नुपर्छ ।
- सहरी पूर्वाधार विकास क्षेत्रमा चौडा सडक निर्माण गर्नुपर्छ ।
- भूमिसुधारमा बजेटले पर्याप्त जोड दिन सकेन । गुठी प्रथाले कृषक पीडित छन् ।
- भू-उपयोग नीतिलाई तुरुन्त ऐन बनाएर लागू गरिनु पर्छ ।
- एकीकृत बस्ती विकास गर्नुपर्छ ।
- कृषि क्षेत्रमा विचौलियाको अन्त्य गर्ने बारे सोच्नुपर्छ ।

### ७५. **मानननीय श्री शान्तिमाया तामाङ पाखिन**

- बौद्ध धर्मको संरक्षण र विकासका लागि गुम्बा प्रबर्द्धन गर्नुपर्छ ।
- गरिबी र भोकमरि हटाउन बेरोजगारी उन्मुलन गर्नुपर्छ ।
- राजस्व चुहावट नियन्त्रणसँग बजार अनुगमन भन्ने बुँदा थप्नुपर्छ ।
- व्यापार घाटा कम गर्न वस्तु उत्पादन भन्ने बुँदा थप्नु पर्छ ।
- शिक्षा क्षेत्रमा देखिएको व्यापारीकरण अन्त्य गर्ने विनियोजन विधेयकमा आउनु पर्छ ।
- गुम्बा प्रबर्द्धन तथा व्यवस्थापन समितिलाई बजेट विनियोजन होस् ।
- सांसद विकास कोषलाई यथावत लागु गरिनुपर्छ ।

### ७६. **माननीय श्री झपट बहादुर रावल**

- जनताका स-साना समस्या समाधान गर्न र निर्वाचन क्षेत्रको विकास संसदीय क्षेत्र विकास कोषलाई कायम गरिनु पर्दछ । यसलाई १० करोड बनाइनु पर्छ ।
- ४० लाख विदेशीएका युवालाई स्वदेशमै रोजगारी उपलब्ध गराउनु पर्छ ।
- निर्वाचन क्षेत्र विकास कार्यक्रम आवश्यक छ । यसलाई बढाएर १० करोड बनाइयोस्
- सडक, हवाई, रेल, विपद व्यवस्थापन, शिक्षा, स्वास्थ्य प्राथमिकतामा पर्नुपर्छ ।
- देशभित्र रोजगारीको सिर्जना गर्नुपर्छ ।
- महिलाहरुलाई निर्ब्याजी ऋण उपलब्ध गराउनु पर्छ ।
- ज्येष्ठ नागरिक भत्ता २००० बाट बढाएर ५००० बनाउनु पर्दछ ।
- सुकुम्बासी आयोग बनाएर सुकुम्बासी व्यवस्थापन गर्नुपर्छ ।

### ७७. **माननीय श्री पुष्पा भुषाल**

- पूँजीगत खर्चको ४०% पनि खर्च हुन नसकेको हुँदा खर्च गर्ने क्षमता बढाउनु पर्‍यो ।
- दुई तिहाई महिला घरायसी क्रियाकलापमा संलग्न छन् जसको आर्थिक विकासमा जोड दिनुपर्छ ।
- प्राथमिकता तोक्न जरुरी छ ।
- कम्तीमा ९% वृद्धिदर आवश्यक छ ।
- पूँजीगत खर्चको क्षमतालाई बढाउनु पर्छ ।
- धनी र गरिबको खाडल बढ्दैछ ।
- १४% युवा भारत बाहेकका मुलुकमा रोजगारीको लागि गएका छन् ।
- वित्तीय जवाफदेहिता सम्बन्धी कानून बन्न आवश्यक ।
- आयात घटाउँदै निर्यात बढाउने प्राथमिकतामा हुनु पर्छ ,
- कृषिको औद्योगिकीकरण र व्यवसायीकरण आवश्यक छ ।
- आर्थिक समृद्धिका लागि नीजि क्षेत्रलाई साथमा लिएर अघि बढ्नु पर्छ ।

### ७८. **माननीय श्री शिव कुमार मण्डल (केवट)**

- कृषिमा भएका कार्यक्रमको सही कार्यान्वयन हुनुपर्छ ।

- कृषिमा आधुनिकीकरण, विविधीकरण, व्यावसायीकरणको विषय पहिलेदेखि नै उठेको भएतापनि कृषकलाई दिइने सहुलियत दरको ऋण सहज रुपमा पाउन सकेका छैनन् । यसलाई बजेटले सम्बोधन गर्नुपर्छ ।
- उत्पादित वस्तु अन्तराष्ट्रिय रुपमा प्रतिस्पर्धा गर्न असक्षम छन् ।
- न्यून बिजकीकरणले राजस्व छली भएको छ ।
- स्वदेशी उत्पादनलाई प्राथमिकतामा राख्नु पर्छ ।
- भूकम्प बाढी पीडितलाई प्राथमिकतामा राखेर सहयोग गर्नुपर्छ ।
- विराटनगर जुटमिलको न्यायिक छानविन गरी सुदृढीकरण गरिनु पर्छ ।
- स्थानीय तहमा प्राविधिक शिक्षालय स्थापना हुनुपर्छ ।
- जीर्ण उद्योगहरु सञ्चालन गर्न प्राथमिकतामा राख्नु पर्छ ।

## ७९. <u>माननीय श्री आशा कुमारी वि.क.</u>

- युवालाई आर्थिक ऋणको व्यवस्था गर्नुपर्छ ।
- प्रत्येक जिल्लामा अनाथाश्रम बनाई सरकारले अभिभावकत्व ग्रहण गर्नुपर्छ।
- बझाङ जिल्लालाई प्राथमिकतामा राखेर विशेष औद्योगिक क्षेत्र घोषणा गर्नुपर्छ ।
- खप्तड राष्ट्रिय निकुञ्जलाई पर्यटकीय स्थलको रुपमा विकास गर्नुपर्छ ।
- जातीय छुवाछुतमुक्त बनाउन कार्यक्रम बनाउनु पर्छ ।

## ८०. <u>माननीय श्री पवित्रा निरौला (खरेल)</u>

- ७ वटै प्रदेशमा विकासले छुने कार्यक्रमबजेटमा आउनु पर्छ ।
- दक्ष जनशक्ति उत्पादन गर्न सरकारले जेहेन्दार विद्यार्थीलाई वैदेशिक अध्ययनमा छात्रवृत्ति दिनुपर्छ ।
- स्वदेशमै प्राविधिक र व्यवसायिक शिक्षामा जोड दिनु पर्छ ।
- सार्वजनिक शिक्षालाई सुधार गरिनु पर्छ ।
- महिलालाई उत्पादनशिल क्षेत्रमा लगाउने सम्बन्धमा बजेटले ध्यान दिनुपर्छ ।
- मोही तथा तलशिङका समस्या हल गर्ने, भूमिसुधार गर्ने बजेट हुनु पर्छ ।
- झापा जिल्लामा खोला तटबन्ध र खानेपानी व्यवस्थापन हुनुपर्छ ।
- निर्वाचन क्षेत्र विकास कोषको रकम काटिनु हुँदैन ।
- शिक्षा क्षेत्रमा पर्याप्त बजेट विनियोजन हुनुपर्छ ।
- महिलालाई उत्पादनशील कार्यमा लगाउने बजेट बन्नुपर्छ ।
- ज्येष्ठ नागरिक मिलन केन्द्रहरु बन्नुपर्छ ।

## ८१. <u>माननीय श्री बहादुर सिंह लामा (तामाङ)</u>

- गरिबी र भोकमरि अन्त्य गर्न कृषिमा जोड दिनुपर्छ । अवधि तोकेर लक्ष्य निर्धारण गर्नुपर्छ ।
- राष्ट्रिय महत्वका आयोजनाको प्रभावकारिता र प्रतिफलको आधारमा विनियोजन ।
- प्रभावकारिता र प्रतिफलबारे अनुसन्धान गर्नुपर्छ ।
- योजना विना आयोजना सञ्चालन गर्नु भएन ।

- विगतका सरकारका राम्रा कार्यलाई निरन्तरता दिनुपर्छ ।
- अर्थतन्त्रलाई कसरी मजबुत बनाउने त्यसतर्फ सबैले सहयोग गर्नुपर्छ ।
- आर्थिक केन्द्र जोड्ने नाकालाई बजेट विनियोजन गर्नुपर्छ ।

## ८२. मा<u>ननीय श्री अञ्जना विशंखे</u>

- समाजवाद उन्मुख भनिरहँदा दलाली पूँजीवाद विरुद्ध अघि बढ्नुपर्छ ।
- पेशाबाट विमुख बनाइएकालाई उत्पादनसँग जोड्नुपर्छ ।
- प्राविधिक शिक्षामा परम्परागत पेशालाई जोड्नुपर्छ ।
- कर छलीलाई रोक्नुपर्छ, सबैलाई करको दायरमा ल्याउनुपर्छ ।
- पर्यटकीय विकासमा ध्यान दिनुपर्छ ।

## ८३. <u>माननीय श्री कृष्णभक्त पोखरेल</u>

- चालु खर्च बढ्दै गएको छ । नीतिगत सुधार आवश्यक छ ।
- बजेट निर्माणमा सांसदहरुको सहभागिता हुनुपर्छ ।
- सांसद विकास कोष काटिनु हुँदैन ।
- सुकुम्बासी आयोग गठन गरेर सुकुम्बासी समस्या हल गर्नुपर्छ ।

## ८४. <u>माननीय श्री विना कुमारी श्रेष्ठ</u>

- श्रमजीवि जनतालाई मूल आधारमा ल्याउनु पर्छ ।
- श्रम क्षेत्रको सुशासनको लागि अनौपचारिक श्रम क्षेत्रलाई औपचारिक श्रम क्षेत्रमा ल्याउनु पर्दछ ।
- श्रम क्षेत्रमा लैगिंक विभेद अन्त्य गर्नुपर्छ ।
- श्रमिकको न्यूनतम ज्याला वृद्धि यसै बजेटमा गर्नुपर्छ ।
- बन्द उद्योगहरु सुचारु गर्नुपर्छ ।
- घरेलु श्रमलाई राष्ट्रको आयमा गणना गर्नुपर्छ ।
- महिला हिंसा अन्त्यको लागि विशेष कार्यक्रम सञ्चालन गर्नुपर्छ ।
- सबै श्रमिकलाई श्रम ऐनको दायरामा ल्याउनु पर्छ ।
- वैदेशिक रोजगारमा रहेका श्रमिकलाई मतदानको अधिकार दिलाउनु पर्छ ।

## ८५. <u>माननीय श्री सत्यनारायण शर्मा खनाल</u>

- विदेशिएका युवालार्य स्वदेश फर्काउन आवश्यक छ ।
- नदीको तटबन्धन गरेर जमिन जोगाउनु पर्छ ।
- उर्जा उत्पादन गरेर निर्यात गर्ने सम्भावना छ ।
- जडिबुटि, फलफूल विक्री गर्ने सम्भावना छ ।
- सडक बनाउँदा छेउछाउमा कृषि उत्पादन गर्न सक्ने हुनुपर्छ ।
- ऋण र अनुदानबाट समृद्धि हुँदैन, उत्पादन बढाउनु पर्छ ।

## ८६. **मानननीय श्री कु. तुल्सी थापा**

- घोषणापत्रमा २-५ वर्षभित्र सम्पन्न गरिने कार्यक्रमको प्राथमिकता छुट्याई कार्य गर्नुपर्छ ।
- पहिरो पीडित, बाढी पीडित, भूकम्प पीडित, अग्नी पीडितहरुलाई पहिलो प्राथमिकतामा राखिनु पर्दछ ।
- कुन कार्य कहिले गर्ने भनेर प्राथमिकता भित्र पनि प्राथमिकता तोक्नुपर्छ ।
- २ वर्षभित्र खाद्यान्नमा आत्मनिर्भर हुने विषयलाई प्राथमिकतामा राख्नु पर्छ ।
- कृषि आधुनीकिकरण, औद्योगिकीकरणलाई प्राथमिकतामा राख्नुपर्छ
- सामाजिक सुरक्षा विस्तार गर्नु प्राथमिकतामा राख्नुपर्छ ।
- यही आर्थिक वर्षबाट पूर्वाधार निर्माण प्राथमिकतामा राखेर काम गर्नुपर्छ ।

## ८७. **माननीय सोमप्रसाद पाण्डेय**

- उद्योगमा विशेष कार्यक्रम ल्याउनुपर्ने आवश्यकता छ ।
- Data collection Analysis विश्व स्तरीय बनाउनु पर्दछ ।
- यहीं उपलब्ध कच्चा पदार्थमा आधारित उद्योगबाट निर्यातजन्य उत्पादन गर्नुपर्छ ।
- उत्पादनलाई बढाउने कुरामा ध्यान दिनुपर्छ ।
- गरिबी घटाउने कुरा पनि समावेश गर्दा उपयुक्त हुन्छ ।

## ८८. **माननीय श्री ज्ञानकुमारी छन्त्याल**

- पुराना योजनाहरु सम्पन्न गर्नुपर्छ । अलपत्र पारिनु हुँदैन ।
- जनताहरु आश लिएर बसेका छन्, त्यसैले सांसद विकास कोषलाई निरन्तरता दिनुपर्छ ।
- समानुपातिक र प्रत्यक्ष निर्वाचित सांसदलाई बराबर रकम विनियोजन गर्नुपर्छ ।
- नदी नियन्त्रणको लागि बजेट विनियोजन गर्नुपर्छ ।

## ८९. **माननीय श्री पार्वती कुमारी विशुन्खे**

- विशेष गरी प्रदेश नं. २ मा महिला हिंसा बढी छ त्यसैले यस्तो खराब प्रवृत्तिको अन्त्यको लागि विशेष नीति ल्याइनु पर्दछ ।
- छुवाछुतको अन्त्य गर्न र सुखी र खुसी नेपाली बनाउन बजेटको चासो पुग्नु पर्छ ।
- भौतिक संरचनामा मात्र सिमित नभई समाजका कुरीति हटाउने तर्फ पनि बजेट उन्मुख हुनुपर्छ ।

## ९०. **माननीय श्री नरबहादुर धामी**

- करको दायरा विस्तार गर्नुपर्छ ।
- कञ्चनपुरका धेरै लालपुर्जा विहिन कृषकहरुको लागि धनीपुर्जाको व्यवस्था होस् ।
- विज्ञान तथा प्रविधिको विकास प्राथमिकतामा समेट्नु पर्ने ।
- सातै प्रदेशमा NAST को शाखा खोल्नुपर्ने ।
- कञ्चनपुरमा रहेका नेपाल भारत सिमा क्षेत्रका सिमास्तम्भ हराउँदै गएकाले सिमा सुरक्षालाई प्राथमिकतामा राख्नु पर्छ ।

## ९१. **मानननीय श्री प्रकाश रसाईली (स्नेही)**

- सरकारको ढुकुटी रित्तिएकै चाहिँ हैन बरु केहि विकृति र अप्ठ्यारो छन् र केही सबल पक्षहरु पनि छन् यसलाई व्यवस्थापन गर्नुपर्‍यो ।
- शिक्षा, स्वास्थ्य र वैदेशिक रोजगारलाई व्यवस्थापन गर्नुपर्ने छ ।
- नीजि र सरकारी शिक्षण संस्थाको गुणस्तरमा ठूलो अन्तर छ ।
- स्वास्थ्य क्षेत्रमा ठूलो विकृति छ, नीजि अस्पतालमा गरिब जनताले उपचार गराउन सक्दैनन् ।
- नीजि र सरकारी विद्यालयबीच एकरुपता ल्याउनुपर्ने चुनौती छ ।
- धेरै नेपाली कामदारहरु विदेशमा अवैधानिक रुपमा बसेका छन्, ती युवाको भावना समेटिनुपर्छ ।
- सुदुर-पश्चिमको विकासको निम्ति विशेष कार्यक्रम आउनुपर्छ ।
- विदेशीएका नेपालीहरुको संख्या घटाउन बजेटले सम्बोधन गर्नुपर्छ ।
- नेपालको शिक्षा र स्वास्थ्य क्षेत्रमा पनि विदेशी विद्यार्थी अध्ययन गर्न आउने वातावरण बनाउने ।

## ९२. **माननीय श्री लक्ष्मी कुमारी चौधरी**

- पछाडि परेको भूगोल, जातजाति कुन हो भन्ने स्पष्ट पार्न सकेन ।
- भूगोल र दुर्गमताको विचार गरी बजेट विनियोजन हुनु पर्‍यो ।
- सडक र पूर्वाधार प्राथमिकतामा राखिनुपर्छ ।
- लैगिंक विभेद, महिला हिंसा, छुवाछुत, बलात्कार जस्ता विषय प्राथमिकतामा परेन ।
- पर्यटकीय क्षेत्र पहिचान गरी पर्यटन प्रबर्द्धन गर्नुपर्छ ।
- किसानले उत्पादनको उचित मूल्य पाएका छैनन् ।
- सिंचाईको व्यवस्था, उन्नत मल र विउ व्यवस्था गरिनुपर्छ ।
- युवाहरुलाई स्वदेशमै रोजगारमा लाएमा विप्रेषणको साटो कर लिनुपर्छ ।
- कञ्चनपुरमा भारतीय SSP को ज्यादती बढिरहेको छ यसलाई बजेटले सम्बोधन गर्नुपर्‍यो ।

## ९३.**माननीय श्री राजेन्द्र कुमार राई**

- जनप्रतिनिधिले जनतासँग गरेको प्रतिबद्धता पूरा गर्न निर्वाचन क्षेत्र विकास कार्यक्रम आवश्यक छ । ३ करोड होइन १० करोड पुर्‍याइयोस् ।
- विकासका निम्ति भू-उपयोग नीति अवलम्बन गर्नुपर्छ ।
- प्रशासनिक, आवासीय, औद्योगिक क्षेत्र संचालनका लागि भूमि व्यवस्थापन र सही छनौट गरिनु पर्छ
- उद्योग राख्ने ठाँउमा प्रशासनिक केन्द्र राख्नु हुँदैन ।

## ९४. **माननीय श्री तेजुलाल चौधरी**

- देशको समृद्धि र विकासका लागि शिक्षालाई प्राथमिकतामा राख्नु पर्छ ।
- सामाजिक, भौतिक पूर्वाधारको विकास गर्नुपर्छ ।
- हरेक क्षेत्रमा शिक्षाको महत्व छ ।
- कम्तीमा २० देखि २५ प्रतिशत बजेट शिक्षामा विनियोजन होस् ।
- प्रत्येक स्थानीय तहमा प्राविधिक शिक्षालय हुनुपर्छ ।
- विद्यालय छाड्ने विद्यार्थीको लागि के व्यवस्था गर्न सकिन्छ ?

- जनसंख्या र मानव विकास सूचकांकको आधारमा प्रदेशहरुलाई बजेट छुट्याउनु पर्छ ।
- तराई मधेशमा रहेको कमैया, बोक्सी, हरुवा, चरुवा दाइजो प्रथा अन्त्यका लागि व्यवस्था होस् ।

### ९५. <u>माननीय श्री विशाल भट्टराई</u>

- मूख्य चुनौती पूँजीगत खर्च हुन नसक्नु र कम छुट्याउनु नै हो ।
- पूँजीगत खर्च एकदर्म कम हुने प्रवृत्तिबाट मुक्त हुनुपर्छ ।
- सार्वजनिक खरिद ऐनमा सुधार गर्नुपर्छ ।
- निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम कायम रहोस् ।
- प्रत्येक स्थानीय तहमा अस्पताल हुनुपर्छ ।
- शिक्षामा व्यापक सुधार आवश्यक छ ।
- पूर्वाधारमा ध्यान दिनु जरुरी छ ।

### ९६. <u>माननीय श्री नवराज सिलवाल</u>

- ३ तहको सरकार सञ्चालन गर्नुपर्ने चुनौती छ ।
- व्यक्तिलाई केन्द्रमा राखेर अगाडि बढ्दा मुलुक समृद्धितर्फ जान्छ ।
- FDI भित्र्याउन हाम्रो क्षमता वृद्धि गर्नुपर्छ ।

### ९७. <u>माननीय श्री राजेन्द्र कुमार के.सी.</u>

- कृषि, जलविद्युत र पर्यटनलाई प्राथमिकतामा राख्नुपर्छ
- पर्यटन विकासको लागि पूर्वाधार चाहिन्छ ।
- युवाहरु उत्पादन र श्रमसँग जोडिन सकेका छैनन् ।
- सांसदलाई विकासबाट Detatch गर्नहुँदैन ।

### ९८. <u>माननीय श्री मेटमणि चौधरी</u>

- गुठीका जमिन जस्ताको जस्तै रैकरमा परिणत गर्ने कुरामा ध्यानाकर्षण होस् ।
- सांसद विकास कोष कटौती नहोस् । ३ करोड होइन १० करोड बनाइयोस्

### ९९. <u>माननीय श्री अत्तहर कमल मुसलमान</u>

- सामाजिक समृद्धिको विषयलाई अगाडि बढाउनु पर्दछ ।
- मधेशका मुस्लिम जताजातिका लागि बाढी अग्नि पीडितलाई सरकारले बजेट विनियोजन गर्नुपर्दछ
- रेल चाहिएको छैन, नेपाली जनताको मेल चाहिएको छ ।
- डिप बोरिङको योजना बनाउनु पऱ्यो ।
- सबै कर्मचारीको सम्पत्ति छानविन गर्नुपर्दछ ।
- लोकतन्त्र छैन कर्मचारीतन्त्र छ ।
- संसदले पास गरेको बजेट कसरी रोक्नुहुन्छ ?
- पछाडि पारिएका समुदायलाई वृद्धि गर्ने गरेर बजेट विनियोजन गरिनु पर्दछ ।
- सामिाजक रुपान्तरणको लागि केही बजेट छुट्याउनुपर्छ ।

- बाढी पीडितका लागि राहतको व्यवस्था होस्।
- मदरसा शिक्षालाई औपचारिक मान्यता दिनुपर्छ।

## १००. माननीय श्री तिलबहादुर महत क्षेत्री

- ७५ बाट ७७ जिल्ला बन्यो बर्दघाट पूर्व नवलपुर नामाकरण हुनु पर्दछ।
- कार्यालयहरु बस्ने घर छैन।
- तराई सदरमुकाम स्तरउन्नती गर्न बजेट विनियोजन होस्।
- निर्वाचन क्षेत्रमा जाने बजेट नकाटियोस्
- नवलपुर जिल्लालाई प्रशस्त बजेट विनियोजन होस्।
- नारायणी नदी नियन्त्रणलाई पर्याप्त बजेट विनियोजन होस्।

## १०१. मानननीय श्री बसन्त कुमार नेम्वाङ

- पूर्वाधार रणनीतिक बाटाहरु निर्माणधिन विमानस्थल डिपीआर भैसकेका भद्रपुर विमानस्थललाई प्राथमिकतामा राखियोस्।
- संघीय सांसदको विकासमा भूमिका हुनुपर्दछ।
- निर्वाचन क्षेत्र विकास कार्यक्रम लागु गरियोस्

## १०२. माननीय श्री नारायण खतिवडा

- प्रदेश र स्थानीय तहको योजना कार्यान्वयन गर्ने क्षमता अभिवृद्धि नहुन्जेल सुरु भइसकेको बहुबर्षीय योजनाको सुनिश्चितता हुनुपर्छ।
- उत्पादनमा आधारित अनुदान तथा पुरस्कार।
- एउटा आयोजना समाप्त भएपछि मात्र अर्को आयोजनामा प्रतिस्पर्धा गर्न पाउने नीति बनाउनुपर्छ।
- नदीजन्य उत्खनन्को विकल्प खोजी नदी बचाउनु पर्ने आवश्यकता छ।
- विदुर नगरपालिकामा नेपाल सरकारको नाममा रहेको जग्गामा कृषि तालिम केन्द्र प्रयोगशाला सहित स्थापना गर्नुपर्छ।
- भूमिको द्वैध स्वामित्वको व्यवस्था अन्त्य गरिनु पर्दछ।

## १०३. माननीय श्री विमला विश्वकर्मा

- चरम महंगीको अवस्थामा पनि श्रमिकहरु कम ज्यालामा काम गरिरहेका छन्।
- सरकारले राशन कार्डको व्यवस्था गरी दैनिक उपभोग्य सामान कम मूल्यमा उपलब्ध गराउने व्यवस्था गर्नुपर्छ।
- भूमिहीन दलित समुदायलाई आवास सुविधा दिलाउने व्यवस्था यसै आर्थिक वर्षबाट होस्।
- सांसद विकास कोषमा प्रत्यक्ष र समानुपातिक सांसदलाई बराबर हुनुपर्छ।

## १०४. माननीय श्री मैना कुमारी भण्डारी

- लैंगिक बजेटको आवश्यक छ। २०% बजेट बढाइयोस्।
- बजेट कहाँ माग्ने निर्क्यौल भएन।
- महिलाको श्रमको मूल्याकंन होस्।

- सांसद विकास कोषको रकम नकाटियोस् ।
- घरेलु तथा मध्यम उद्योग, युवा स्वरोजगार कार्यक्रम रहोस् ।
- प्राविधिक शिक्षा माध्यामिक स्तरमा लागु गर्न आवश्यकता छ ।

**१०५. माननीय श्री बिनादेवी बुढाथोकी**

- मुलुकको विकासको लागि देशको स्रोत साधनको उपयोग गरिनु पर्दछ ।
- भ्रष्टाचारको अन्त्य गरिनु पर्दछ ।
- स्थानीय सरकार र प्रदेश सरकारको भौतिक संरचना र कर्मचारीको समाधान पहिलो प्राथमिकतामा राख्नुपर्छ ।
- सातै प्रदेशमा औद्योगिक क्षेत्र स्थापना हुनुपर्छ । यसको लागि पूर्वाधार निर्माणमा प्राथमिकता दिनुपर्छ ।
- संस्थागत भ्रष्टाचारलाई अन्त्य गर्नुपर्छ ।

**१०६. माननीय श्री मोहन बानियाँ**

- मानव सूचकांक आधारमा मुलुकको विकास अगाडि बढाउनु पर्दछ ।
- कर्णालीलाई राष्ट्रिय गौरवका आयोजनामा राखिनुपर्दछ ।
- दुर्गम र पछाडि पारिएका क्षेत्रलाई विकास गरिने कुरा यसमा समावेश गरिनु पर्दछ ।
- कर्णाली प्रदेशलाई Organic zone को रुपमा विशेष कार्यक्रम ल्याइनुपर्छ
- Tourism zone को रुपमा विकास गर्नुपर्छ ।
- दुर्गम लक्षित बजेट बाँडफाँड हुनुपर्छ ।

**१०७. माननीय श्री राजेन्द्र प्रसाद गौतम**

- जिल्लाका केन्द्रबाट स्थानीय तहका केन्द्र जोड्ने कालोपत्रे सडक निर्माण गरिनुपर्छ ।
- राज्यले राष्ट्रिय गौरवका आयोजना
- निर्वाचन क्षेत्र विकास कार्यक्रम रोक्नु हुँदैन ।
- नागरिकको अवसर, समृद्धि र सम्मान सुनिश्चित गर्नुपर्छ ।
- राष्ट्रिय गौरवका आयोजनाहरुलाई दुरावस्थामा पार्नु हुँदैन ।

**१०८. माननीय श्री नवराज राउत**

- भूगोल र मानव सूचकांकका आधारमा बजेट विनियोजन गरियोस् ।
- १८ वटा गा.वि.स. जोड्ने विद्युत केन्द्रिय विद्युतमा जोडियोस् ।
- सांसद विकास कोषको विनियोजन रकम ३ दिनभित्र निकासा होस् ।
- कर्णाली प्रदेश जडिबुटी, पानी र पर्यटकीय स्थलको हिसाबले धनी छ । त्यसको उपभोग गर्न पर्याप्त बजेट विनियोजन होस् ।
- सुकुम्बासी समस्या सम्बोधन होस्

**१०९. माननीय श्री कृष्ण प्रसाद दाहाल**

- सांसदको भूमिकालाई अगाडि बढाउने कुरा सकारात्मक होस् ।

- निर्वाचन क्षेत्र विकास कार्यक्रम आवश्यक छ ।
- चुरे क्षेत्रमा बस्ने जनताले पूर्जा प्राप्त गरेका छैनन् । बजेटले सम्बोधन गरोस् ।
- नदी नियन्त्रणको समस्या समाधान गर्न बजेट व्यवस्था होस् ।
- भूमिको व्यवस्थापन हुनुपर्दछ ।
- भूमि नीति प्रष्ट रुपले आओस् ।
- कृषि, भूमि र वनमा रोजगारीको नीति आओस् ।

## ११०. <u>माननीय श्री नविना लामा</u>

- शैक्षिक क्षेत्रमा परिणाममुखी नीति आओस् ।
- सार्वजनिक शिक्षा क्षेत्रमा लगानीको तुलनामा कम उपलब्धी भएको छ ।
- सार्वजनिक शिक्षा गुणस्तरीय र जनताको पहिलो रोजाई नबनेसम्म निःशुल्क शिक्षाको परिकल्पना सम्भव छैन ।
- प्राविधिक शिक्षामा जोड दिने नीति आवश्यक छ ।
- शिक्षामा कम्तीमा २०% बजेट विनियोजन होस् ।
- गुणस्तरीय शिक्षाको लागि पूर्वाधार विकास गर्नुपर्छ ।
- सरकारी सेवासुविधा लिने सबैले सार्वजनिक विद्यालयमा बालबच्चा पढाउनु पर्ने नीति लिनुपर्छ ।

## १११. <u>माननीय श्री कृष्ण कुमार श्रेष्ठ</u>

- २०७४ सालमा विनियोजन भैसकेको सांसद विकास कोषको रकम तुरुन्त लागु होस् ।
- दमौलीको अस्पताललाई १०० शैय्याको बनाउनु पर्दछ ।
- तनहुँमा विकासले अपेक्षित गति लिन सकेको छैन ।
- देवघाटलाई धार्मिक पर्यटकीय स्थलको रुपमा विकास गर्नुपर्छ ।
- आदिकवि भानुभक्तको जन्मस्थललाई साहित्यिक पर्यटकीय स्थलको रुपमा विकास गर्नुपर्छ ।
- देवघाट र मुक्तिनाथ जोड्ने शालिग्राम कोरिडरले गति लिन सकेको छैन ।

## ११२. <u>माननीय श्री लालबहादुर थापा</u>

- दुर्गम क्षेत्रबाट बजेट विनियोजन हुनेछ ।
- दुर्गम बस्तीको जीवनस्तर उकास्न पर्दछ ।
- प्रदेश नं. ७ का जनता गरिबी र भोकमरिसँग लडिरहेका छन् यसमा रहेका पर्यटकीय क्षेत्रहरुको पहिचान हुन सकेको छैन ।
- अबको नीति कार्यक्रम र बजेट पिडडिएको क्षेत्रलाई हेरेर आउनु पर्छ ।

## ११३. <u>माननीय श्री विजय सुब्बा</u>

- प्राथमिकतामा कृषि क्षेत्र छैन ।
- भ्रष्टाचार नगर्ने प्रतिबद्धता चाहिन्छ ।

**११४. <u>माननीय श्री लक्ष्मी परियार</u>**

- यो विधेयक कार्यान्वयन हुन सकोस्
- गरिबी अन्त्य गर्ने कार्यक्रम ठोस रुपमा आएको भए राम्रो हुन्थ्यो ।
- दलितको बारेमा केही उल्लेख छैन ।
- महिलाको बारेमा सोचिएको छैन ।
- सुकुम्बासीको पहिचान गरेर बस्ने बास दिलाउने तर्फ जानु पर्छ